# परिच्छेद एक :
# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

यस शोधकार्यको शीर्षक **पाठ्यक्रम अनुरूपताका आधारमा स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट व्याकरणको अध्ययन** रहेको छ । विभिन्न विद्वान् तथा शोधकर्ताहरूले विभिन्न शीर्षकमा आफ्ना शोधपत्रहरू तयार पारेका छन । तर कुनै पनि शोधार्थीले वा कुनै पनि शोधकर्ताले यस शीर्षकमा अनुसन्धान तथा अध्ययन नगरेको हुँदा यस अध्ययनका लागि यो शीर्षक चयन गरिएको छ ।

व्याकरण भाषाको महफ्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । विना व्याकरण भाषाको स्वरूप तयार हुदैन । यति महफ्वपूर्ण विषय भएकोले यसको अध्ययन पनि परापूर्वकालदेखी नै हुदै आएको छ वि.सं. १९५८ मा शिक्षाप्रेमी जयपृथ्वीबहादुर सिंहले अक्षराङ्क शिक्षा नामक पाठ्यपुस्तक लेखी भाषाको विकासमा टेवा पुऱ्याएका छन । त्यसै गरी उनैले प्राकृत व्याकरणको रचना गरी नेपाली व्याकरण परम्पराको सुरुवात गरेका छन । यो नेपाली भाषाको एक महफ्वपूर्ण कदम हो । यसै गरी वि.सं. १९६९ मा हेमराज पण्डितले चन्द्रिका व्याकरण लेखी सैद्धान्तिक पुस्तकका रूपमा स्थापित गराए भने रामचन्द्र ढुंगानाको वि.सं. १९७७ मा  सरल नेपाली व्याकरण, कृष्णप्रसाद पराजुलीको २०२३ सालमा राम्रो रचना मीठो नेपाली, वि.सं. २०३६ सालमा मोहनराज शर्माको शब्दरचना र वर्णविन्यास, वि.सं. २०४९ मा हेमाङ्गराज अधिकारीको समसामयिक नेपाली व्याकरण, हेमाङ्गराज अधिकारीकै नेपाली भाषाशिक्षण, सामाजिक र प्रायोगिक भाषा विज्ञान, भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति जस्ता पुस्तकले नेपाली व्याकरणको अध्ययनमा सहजता तथा सरलता ल्याएको छ । राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ ले विभिन्न तहका नेपाली विषयमा व्याकरणलाई समावेश गरी पठनपाठन गराउदै आएको छ । वर्तमान समयमा पनि भिन्नै व्याकरणको शिक्षण नभए तापनि पाठ्यवस्तुमा नै व्याकरणलाई समावेश गरी कक्षा एकदेखि स्नातक तहसम्म अध्ययन अध्यापन गराउँदै आउँदा यस स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा पनि व्याकरण समावेश गरी  अध्ययन अध्यापन गराउने उद्देश्य राखिएको छ । वर्तमान स्नातक तहको अनिवार्य नेपाली वि.सं.२०६९ मा परिमार्जन गर्दा समेत यस व्याकरणलाई नछुटाई वर्तमान समयमा अध्ययन अध्यापन गराउँदै आएको छ ।

भाषाको शिक्षण गर्नु अथवा भाषाको ज्ञान ग्रहण गर्नु भनेको मुख्यतः भाषिक सीपको विकास गर्नु हो । भाषाका सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ रहेका हुन्छन । यी सीपहरू प्राप्त गर्न सिकारुले सदैव प्रयत्न गरिरहेको हुन्छ । व्याकरण पनि भाषाको एक महत्त्वपूर्ण अङ्ग भएको हुँदा यसको सिकाइ कसरी हुन्छ भन्ने विषयमा विभिन्न दार्शनिकहरूले आ-आफ्ना मतहरू ल्याएका छन् । संरचनावादी भाषाविज्ञानले अनुभववादी दर्शन र व्यावहारवादी दर्शनलाई आत्मसाथ गरेको हुन्छ । संरचनावादी भाषाविज्ञानले अनुभववादी दर्शन र व्यवहारवादी मनोविज्ञानलाई सैद्धान्तिक आधार बनाई भाषा सिकाइसँग सम्बन्धित पक्षहरूको व्याख्या गर्दछ, (न्यौपाने र अन्य, २०६७ :८६) यसरी हेर्दा यो स्नातक तहको अनिवार्य नेपाली विषयमा समाविष्ट व्याकरणको शिक्षण पनि अनुभववादमा आधारित रहेको छ । यसमा अनुभवका आधारमा व्याकरण शिक्षण गर्ने अथवा विभिन्न अनुच्छेदका सहायताबाट व्याकरणको अभ्यास गरिने हुँदा यो यसै सिद्धान्तमा रहेको छ । यसै गरी भाषा सिकाइमा मस्तिष्कमा भाषाप्राप्तिको संयन्त्र रहेको हुन्छ । यसै संयन्त्रबाट भाषा सिकाइ हुने हुँदा यो अध्ययनको शीर्षकले पनि यही बुद्धिवादी दर्शनलाई अङ्गालेको छ । भाषा प्राप्ति वा ज्ञान आर्जनको यो संयन्त्र मान्छेको सहजात वा अर्न्तजात विशेषता हो, (न्यौपाने र अन्य, २०६७ : ८७) । यो अध्ययन स्नातक तहको नेपाली विषयमा समाविष्ट व्याकरणको भएको हुँदा यो यिनै अनुभववादी दर्शन र बुद्धिवादी दर्शनमा रहेको छ । यिनै दर्शनको सहायताबाट यो शिक्षण तथा भाषिक सीपको विकास हुने देखिन्छ ।

भाषा मानवीय वस्तु हो । भाषाको सिकाइ भनेको भाषिक सीपको विकास हो । यी भाषाका सीपहरू विकास गर्नका लागि भाषाको मानवीकरण हुनु आवश्यक छ । वर्तमान समयमा नेपाली भाषालाई मानकीकरण गर्न विभिन्न प्रकृतिका प्रयासहरू भएका पनि छन तथापी भाषालाई शुद्ध बनाउन विशेषता वर्ण विन्यासमा बढी जोड दिनुपर्ने हुन्छ । तर आजभोलि हाम्रा विभिन्न लेख रचना तथा अन्य लिखित सामाग्रीहरूमा केही मात्रामा वर्णविन्यासलाई ख्याल नगरिएको पाइन्छ । भाषा भनेको बुझाइ हो भन्दै सामान्य बुझिने गरी मात्र लेख्ने प्रचलन रहेको पाइन्छ । यसले हाम्रो कला, संस्कृति र मौलिकतामा क्रमशः असर पारिरहेको छ । नेपाली भाषा शिक्षण गर्दा पनि वर्णविन्यासमा धेरै जटिलता भएको पाइन्छ । वर्णविन्यासलाई ध्यान नदिँदा भाषाको स्तरीयता घट्न पुग्छ र जस जसले जे जसरी लेख्यो बोल्यो त्यही परम्पराको जन्म हुन्छ । भाषा सङ्क्रमित हुन पुग्छ । अतीत

हामीबाट हराउँछ हाम्रो मौलिक पहिचान, संस्कृति जीवनपद्धति । यिनै समस्याहरू आज हाम्रो ताजा समस्याका रूपमा देखा परेका छन ।

## १.२ समस्याको कथन

वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रम वि.सं. २०६९ सालदेखि लागु गरिएको छ । यस पाठ्यक्रममा व्याकरण विधालाई समावेश गरी त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रले पठनपाठन गराउँदै आएको छ । यस तहको अनिवार्य नेपाली विषयमा व्याकरणको छुट्टै पाठ्यक्रम नबनाउनुको साथै छुट्टै पाठ्यवस्तु समेत नबनाई अनुच्छेदबाटै शिक्षण गर्ने लक्ष्य लिएको छ ।

यस स्नातक तहको अनिवार्य नेपाली विषयमा व्याकरणका कुन कुन पक्षलाई पाठ्यवस्तु बनाइएको छ ? यस पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक इकाइहरू पाठ्यक्रम अनुरुपताका आधारमा छन् वा छैनन् ? शिक्षण विधि तथा मुल्याङ्कन प्रक्रिया कस्तो अपनाइएको छ ? व्याकरणमा केही कमीकमजोरीहरू रहेका छन् वा छैनन् ? व्याकरणको सैद्धान्तिक वा प्रायोगिक कुन पक्षलाई महत्त्व दिइएको छ ? स्नातक तहमा व्याकरण शिक्षण को उद्देश्य के हो ? व्याकरणसँग सम्बन्धित भाषिक सीपको मूल्याङ्कन के कसरी गरिएको छ ? व्याकरण शिक्षणका लागि के कस्ता शिक्षण विधि तथा पद्धतिको निर्धारण गरिएको छ ? भन्ने कुरालाई यस अध्ययनमा समस्या बनाई अध्ययन गरिएको छ ।

खासगरी यस अध्ययनमा निम्न अनुसारका समस्याहरू उठाइएको छ :

क) पाठ्यक्रम अनुरुपताका आधारमा व्याकरणात्मक पाठ्यवस्तु कस्तो रहेको छ ?

ख) शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रियाका आधारमा उक्त पाठ्यवस्तु कस्तो देखिन्छ ?

ग) उक्त पाठ्यवस्तुमा के-कस्ता कमीकमजोरी रहेका छन् ?

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनमा वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समाविष्ट व्याकरणको अध्ययन गर्न निम्न उद्देश्यहरू राखिएको छ :

क) प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक एकाइहरूको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्नु ।

ख) शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रियाका आधारमा अध्ययन गर्नु ।

ग) व्याकरण खण्डमा देखिएका/रहेका कमी कमजोरीहरू पत्ता लगाई तिनीहरूका सुधारका लागि आवश्यक सुझावहरू दिनु ।

## १.४ अध्ययनको औचित्य र महत्व

व्याकरण भाषालाई नियम र अनुशासनमा बाध्ने विधा हो । भाषिक सीप प्राप्तिको लागि विविध साहित्यिक विधा अभ्यास लगायत व्याकरण खण्डलाई समावेश गर्नुका उद्देश्य भाषिक सीप प्राप्त गर्नु हो । लिपिबद्ध सामाग्रीमा व्याकरण निहित रहेको हुन्छ । तसर्थ भाषिक सीप प्राप्त गर्नु भनेको भाषाका नियम व्यावस्था जान्नु हो । हरेक तहमा व्याकरणका विषयबस्तुलाई विन्यास गर्दा रुचि, स्तर, क्षमता र आवश्यकतालाई गरिनु पर्दछ । प्रस्तुत अध्ययनमा स्नातक तहका स्नातक नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणका विषयवस्तुको छनोट, र स्तरण उपयोगी भए नभएको विद्यार्थीको स्तरसँग तालमेल मिले नमिलेको विषयवस्तुको विन्यास उपयोगी ढङ्गले गरे नगरेको अध्ययन गरिएको छ । अध्ययनको निष्कर्षका आधारमा उपयुक्त सुझावहरू समेत प्रस्तुत गरिने भएकाले भाषा पाठ्यपुस्तक निर्माता पाठ्यक्रमविद्, शिक्षक, विद्यार्थी व्याकरणसँग सम्बन्धित भएर अध्ययन गर्न चाहाने अनुसन्धानकर्ताहरूलाई समेत यस शोधपत्रले सहयोग पुऱ्याउने भएकाले यसको औचित्य र महत्व रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

स्नातक नेपाली पाठ्यक्रमका अक्षरदेखि सङ्कथन सम्मका पाठ्यवस्तुलाई मात्र यस अध्ययनको क्षेत्र बनाइएको छ । यस सम्बन्धमा एकाइ एक, दुई, तीन र चारलाई मात्र यस अध्ययनमा समावेश गरिएको छ । बाँकी यसका सीमा रहेकाछन् ।

यस अध्ययनका लागि झापा जिल्लामा रहेका श्री दमक बहुमुखी क्याम्पस दमक, गौरादह बहुमुखी क्याम्पस गौरादह र कन्काई बहुमुखी क्याम्पस, सुरुङ्गाका स्नातक तहमा अध्यापन गर्ने अनिवार्य नेपाली विषयका एक एक जना शिक्षकबाट प्रश्नावलीका माध्यमबाट सामाग्री सङ्कलन गरिएकोछ ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

यस अध्ययनमा छनोट गरिएको शीर्षकसँग सैद्धान्तिक रूपमा भए गरेका अध्ययनहरूको अध्ययन गर्दा जब भाषाको विकास भयो सोही समयबाट व्याकरणको पनि अध्ययनको सैद्धान्तिक अवधारणा पाइन्छ । नेपाली भाषालाई लिखित रूप दिने अक्षराङ्क पुस्तकबाट अगाडि बढेको पाइन्छ भने प्राकृत व्याकरण भने पहिलो व्याकरणको रूपमा देखा परेको छ । यसै गरीसन् १८२० मा विदेशी विद्वान जे.ए.एटनले 'ए ग्रामर अफ दि नेपाली ल्याङ्वेज' नामक व्याकरण लेखिएको पाइन्छ । यस व्याकरणमा भाषाका नाम, सर्वनाम, विशेषण, क्रिया र वाक्यका बारेमा चर्चा गरेको छन, (न्यौपाने र साथीहरू २०६७ :२९४) । त्यसैगरी सन् १८३१ मा अमृतानन्द बाँगले त्रैभाषिक व्याकरणको रचना गरी भाषाको विकासमा टेवा पुऱ्याए । वि.सं. १९६२ को सुन्दरी पत्रिकामा वीरेन्द्रकेशरी अर्ज्यालले व्याकरणको चर्चा गरेको पाइन्छ । नेपाली व्याकरणका अध्ययनमा हेमराज पण्डीतको चन्द्रिका व्याकरण हुदै सोमनाथ सिग्द्यालको मध्य चन्द्रिका, लघु चन्द्रिका रचना गरेको पाइन्छ भने सो भन्दा पछिका मोहनराज शर्मा, हेमाङ्गराज अधिकारी, लगाएतका विद्वानहरूले व्याकरणको सैद्धान्तिक अध्ययन गरेको पाइन्छ ।

यसरी उक्त अध्ययनलाई हेर्दा विशेषत ती अध्ययनहरू भाषिक सीपसँग सम्बन्धित रहेको पाइन्छ । यसरी भाषिक सीप विकास गर्न सैद्धान्तिक रूपमा अध्ययन गरिएका यी अध्ययनहरूले व्यकारणले निजनात्मक शिक्षण विधिको अनुशरण गरेको पाइन्छ । भाषा सिकाइका सिद्धान्तमा यो मनोवाद सिद्धान्तसँग सम्बन्धित रहेर अगाडि बढेको देखिन्छ ।

यस अध्ययनमा वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको व्याकरणात्मक अध्ययनमा व्यवहारवादी र मनोवादी सिद्धान्तलाई विश्लेषणको आधार बनाइएको छ ।

## २.२ पूर्वकार्यको समीक्षा

व्याकरण भाषाशिक्षणका लागि अति आवश्यक विधा भएको हुँदा पहिलेदेखि नै यस विषयको विभिन्न विद्वान तथा भाषाविद्हरूबाट अध्ययनको प्रयासहरू भएको पाइन्छ । यहाँ यस सम्बन्धी अध्ययनलाई सङ्क्षेपमा निम्नानुसार देखाइएको छ ।

शिक्षाप्रेमी जयपृथ्वी बहादुर सिंहले वि.सं. १९५८ मा अक्षराङ्क शिक्षा नामक पाठ्यपुस्तक तथा प्राकृत व्याकरण लेखेर नेपाली भाषाको व्याकरण क्षेत्रमा योगदान दिइएको

पाइन्छ । त्यसैगरी हेमराज पण्डितले वि.सं. १९६९ मा मध्य चन्द्रिका व्याकरण, रामचन्द्र ढुंगानाको वि.सं. १९७७ मा सरल नेपाली व्याकरण, कृष्णप्रसाद पराजुलीको वि.सं. २०३३ मा राम्रो रचना मिठो नेपाली, मोहनराज शर्माको शब्दरचना र वर्णविन्यास २०६६, त्यसैगरी वि.सं. २०४९ मा हेमाङ्गराज अधिकारीको समसामयिक नेपाली व्याकरण, अधिकारीकै नेपाली भाषा शिक्षण, सामाजिक र प्रायोगिक भाषा विज्ञान, भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति २०५७ जस्ता पुस्तकहरूको रचना भएको पाइन्छ ।

- हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (२०६१-०६२ : १८०) मा व्याकरण भनेको मूल वक्ताका भाषामा पाइने अन्तरनिहित संरचना हो र यस संरचनालाई सुव्यवस्थित ढंगले वर्णन गरिएको कुनै पनि सामाग्री व्याकरण हो भनि परिचय दिएका छन ।
- शान्ति प्रसाद ढकालद्वारा लिखित नेपालीभाषा शिक्षण परिचय र प्रयोग २०६२:२९६ मा माध्यमिक तहमा व्याकरण शिक्षणको आवश्यकता भन्ने शीर्षकमा पाठ्यक्रमले निधाएरण गरेका व्याकरणका क्षेत्रलाई केलाउने काम गरेका छन ।
- रामचन्द्र लम्साल र अन्य साथीहरूद्वारा लिखित भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति, २०६३:११७ मा व्याकरण विधाका बारेमा चर्चा गरेको पाइन्छ ।
- रामचन्द्र लम्सालद्वारा लिखित नेपाली भाषा र व्याकरण २०६४:७३ मा नेपाली भाषाको मानकीकरणमा व्याकरणको योगदान शीर्षकमा भाषानिष्ट नियम नै व्याकरण हो भन्दैनेपाली भाषाको मानकीकरणमा व्याकरणको महफ्वपूर्ण योगदान रहेको कुरालाई उल्लेख गरिएको छ ।

विभिन्न विद्वान तथा भाषाविद्हरूले विद्यालय तह तथा उच्च शिक्षामा व्याकरण शिक्षणको आवश्यकतालाई मध्यनजर गरी रामप्रसाद ज्ञवाली, दुर्गाप्रसाद दहाल, भोजराज ढुंगेल, पारसमणी भण्डारी, गणेशप्रसाद आदिका व्याकरण रचना तथा पुस्तकहरू पनि पाइन्छन । यी पुस्तकहरूले भाषा शिक्षणका सन्दर्भमा व्याकरण शिक्षणको महफ्व दर्शाउँछन । यस सन्दर्भमा विभिन्न शोधकर्ताहरूले अनेक शोधकार्यहरू गरेका छन । यस सम्बन्धमा भएको सोधहरूको कालक्रमिक अध्ययन प्रस्तुत गरिएको छ ।

- काफ्ले (२०६५) कक्षा १० को नेपाली २०६४ पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन विषयक शोधकार्य गरेको पाइयो । शोधार्थीले शोधकार्यको उद्देश्यमा छनौट र स्तरणका दृष्टिले पाठ्यक्रम पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणको विश्लेषणात्मक

अध्ययन, वर्तमान व्याकरणका पाठमा देखिएका कमजोरी औल्याई सुझाव दिने कार्य गरेको पाइन्छ । उक्त शोधमा मुख्य रूपमा पुस्तकालयीय विधि प्रयोग गरेको पाइयो ।

- भट्टराई (२०६७) कक्षा ९ को भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन विषयक शोध गरेको पाइयो । शोधकर्ताले शोधकार्यको उद्देश्यमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन गर्नु अभ्यास खण्डका सवल र दुर्वल पक्षहरूको सुधारका लागि निष्कर्श र सुझाव दिनु रहेको छ ।
- रेग्मी (२०६९) द्वारा सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यस शोधकार्यको उद्देश्यहरूमा पाठ्यपुस्तकमा व्याकरणात्मक एकाइहरूको स्तरअनुरूपाताका आधारमा अध्ययन गर्न, शिक्षण विधिका आधारमा अध्ययन गर्न, छनोट र स्तरणका आधारमा व्याकरण खण्डको अभ्यासको अध्ययन गर्न, व्याकरण खण्डमा देखिएको कमिकमजोरीहरू पत्ता लगाई तिनीहरूको सुधारका लागि आवश्यक सुझाव दिनु रहेको छ ।
- पाठक (२०७०) कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०६८) मा समाविष्ट व्याकरणको अध्ययन विषयक शोध गरेको पाइयो । शोधार्थीले शोधकार्यको उद्देश्यमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पाठंशहरूको पाठ्यक्रमको अनुरूपताका आधारमा अध्ययन गर्नु, छनोट र स्तरणको आधारमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पाठ्यांशहरूको उपयुक्तताको विश्लेषण गर्नु, पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पाठयांशमा सुधार गर्नुपर्ने पक्षको खोजी गर्न, पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पाठयांशमा सुधार गर्न आवश्यक उपायहरूको खोजी गर्नु रहेको छ ।

## २.३ अध्ययनका लागि पुनरावलोकनका उपादेयता

यस विषयमा उल्लेखित अध्ययनहरूले प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याएका छन् । सैद्धान्तिक साहित्यको पुनरावलोकनबाट प्राप्त भएका निष्कर्षहरूलाई आधार बनाइ यस अध्ययनमा व्याकरणीक सामग्रीहरूको विश्लेषण गरिएको छ भने सम्बन्धित साहित्यको पुनरावलोकनका आधारमा यस विषयमा अगाडि सारिएका समस्याहरूलाई केलाइएको छ । यसरी सैद्धान्तिक आधार निर्माण गर्नमा र सम्बन्धित समस्याहरूको

विश्लेषण गर्नमा यसभन्दा अगाडि भएका अध्ययनहरूले सहयोग पुऱ्याएकाले यी पक्षहरू उपयोगी देखिएका छन ।

## २.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन पद्धतिमा आधारित रहने छ । यस अध्ययनका लागि अक्षरीकरण, वर्णविन्यास, शब्दस्रोत, शब्दवर्ग, वाक्य तत्त्व, व्याकरणिक कोटीजस्ता सैद्धान्तिक मान्यताहरूलाई सैद्धान्तिक आधार बनाइ सामाग्री सङ्कलन सामाग्रीको वर्गीकरण व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गरी निष्कर्ष निकालिएको छ ।

स्नातक तहको पाठ्यक्रम

↓

व्याकरण सम्बन्धी पाठ्यक्रम

↓

पाठ्यक्रम अनुरूपताका आधारमा व्याकरणात्मक पाठ्यवस्तुको अध्ययन

# परिच्छेद तीन :

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत अध्ययन स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समाविष्ट व्याकरण विधाको अध्ययन हो । यस विषयलाई अध्ययन गर्ने विभिन्न विधि तथा तरिकाहरू छन । तर यो अध्ययन विशेषतः व्याख्यात्मक रहेको हुँदा यसलाई पुस्तकालयीय विधि उपयोगी हुने देखिन्छ । यो अध्ययन सैद्धान्तिक भएको हुँदा विषयबस्तुलाई आधार मानेर अध्ययन गरिएको छ भने यस विषयसँग सम्बन्धित विज्ञको अनुभव लिन क्षेत्रिय विधिलाई समेत अपनाइएको छ । विषयविज्ञको विचार लिन प्रश्नहरू बनाइ अध्ययन गरिएको हुँदा प्रश्नावलीलाई महफ्व दिइएको छ भने वर्णनवाट पनि यसको निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । यो शोधपत्र सैद्धान्तिक भएको हुँदा सम्बन्धित प्राध्यापकहरूको अन्तर्वातामा पनि समावेश गरिएको छ । प्रस्तुत अध्ययन माथि उल्लेखित विधिहरूमा आधारित भई अध्ययन गरीनिष्कर्ष निकालिएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनोट

प्रस्तुत अध्ययनमा स्नातक तहको नेपाली पाठ्यक्रमका निर्माता, सम्बन्धित विषयका विशेषज्ञ, सम्बन्धित विषय अध्यापन गर्ने प्राध्यापकहरू यस अध्ययनका लागि जनसंख्या बनाइएको छ ।

झापा जिल्लामा रहेका स्नातक तह संचालन भएका क्याम्पसहरू मध्ये श्री दमक बहुमुखी क्याम्पस दमक, श्री गौरादह बहुमुखी क्याम्पस गौरादह, कन्काइ बहुमुखी क्याम्पस सुरुङ्गाका स्नातक नेपाली विषयको अध्यापन गर्ने १/१ जना प्राध्यापकहरू चाहिँ नमुनाको रूपमा रहेका छन ।

प्रस्तुत शोधकार्यलाई निष्कर्षमा पुऱ्याउनको लागि सो उद्देश्यमुलक नमुना छनौट पद्दतिलाई आधार बनाइ नमुना छनौट गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययन स्नातक नेपाली पाठ्यक्रमका अक्षरदेखि सङ्कथनसम्मका पाठ्यवस्तुलाई मात्र यस अध्ययनको क्षेत्र बनाइएको छ ।

यस अध्ययनका लागि झापा जिल्लालाई भौगोलिक क्षेत्र बनाइएको छ। झापा जिल्लाको पनि दमक, गौरादह र सुरुङ्गा चाहि नमुनाको रूपमा रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि स्नातक नेपाली विषयको अध्यापन गर्ने प्राध्यापकहरूलाई प्रयोग गरीतथ्याङ्कसङ्कलन गरिएको छ भने उक्त तथ्याङ्कसङ्कलनका साधनहरू निम्नानुसार रहेका छन ।

- प्रश्नावली
- अन्तरवार्ता

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा संलग्न रहने तथ्याङ्क सङ्कलनका साधनहरू लिखित रूपमा तयार पारी प्रयोग गरिएको छ । उक्त प्रश्नावली तथा अन्तरवार्ता तयार गर्न शोध निर्देशकको सहयोग लिएर तयार पारिएको छ । तयार पारिएका तथ्याङ्क सङ्कलनका साधनहरूलाई सम्बन्धित विषयको अध्यापन गर्ने प्राध्यापकहरूसँग प्रत्यक्ष भेटी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययन सैद्धान्तिक अध्ययन रहेको छ । सैद्धान्तिक अध्ययन भएको हुँदा यसको व्याख्या एवम् विश्लेषण पनि गुणात्मक भएको छ । गुणात्मक अध्ययन हुनाले व्याख्या एवम् विश्लेषणको माध्यमबाट नतिजा निकालिएको छ ।

# परिच्छेद चार :

# पाठ्यक्रम अनुरूपताका आधारमा स्नातक तहको अनिवार्य नेपाली विषयमा समाविष्ट व्याकरणको अध्ययन

## ४.१. स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रमको परिचय :

यस अध्ययनमा स्नातक तहको अनिवार्य नेपाली विषयमा समाविष्ट व्याकरण खण्डको अध्ययन गरिएको छ । स्नातक तहको पाढ्यक्रममा समावेश भएका विषयवस्तुहरू र सो विषयवस्तुहरू मिल्ने गरी पाठ्यपुस्तकमा समावेश भए नभएको तथा त्यस विषयमा के कस्ता समस्याहरू छन ती समस्याहरूको निराकरण गर्ने के कस्तो उपाय अपनाउनु सकिन्छ र त्यसबाट प्राप्त नतिजाले सम्बन्धित क्षेत्रलाई के कसरी सहयोग मिल्छ आदि सवालहरूको जवाफ यस अध्ययनमा गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय अर्न्तगत विभिन्न संकायका स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्न पाठ्यक्रमको तयार गरिएको छ । वर्तमान स्नातक तहको पाठ्यक्रममा पाठ्यांश शीर्षक अनिवार्य नेपाली, पाठ्यभार : ६, पूर्णाङ्क : १००, उत्तीर्णाङ्क : ३५, प्रतिहप्ता पाठ्यभार : ६, जम्मा पाठ्यभार १५० कायम गरिएको छ र प्रत्येक पाठ्यभारलाई ५० मिनेटको समय निर्धारण गरिएको छ ।

यस पाठ्यक्रममा नेपाली वाङ्मयका विभिन्न क्षेत्रका गद्यांशको पठन बोध, व्यावहारिक लेखन तथा निबन्धात्मक अभिव्यक्तिका साथै निर्धारित साहित्यिक कृतिहरूको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने पाठ्यसामग्रीहरू यस पाठ्यक्रममा समावेश गरिएका छन् ।

## ४.२. स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रमको साधारण उद्देश्य :

पाठ्यक्रमका तत्त्वहरूमा उद्देश्य महफ्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ । विना उद्देश्य कुनै पनि कार्य सम्पन्न हुदैन । लक्ष्य प्राप्त गर्नलाई उद्देश्यको आवश्यकता पर्दछ । यस स्नातक तहको नेपाली विषयको पाठ्यक्रममा पनि सोही विषयका उद्देश्यहरू किटान गरी अध्ययन, अध्यापन गरिएको छ । सो विषयका साधारण उद्देश्यहरू :

- कथ्य र लेख्य नेपालीको भिन्नता पहिल्याई मानक रूपको प्रयोग गर्नु ।

- नेपाली वाङ्मयका विविध क्षेत्रमा प्रयुक्त शब्दहरूको स्रोत, वर्ग र बनोट पहिचान गरी सन्दर्भपूर्ण वाक्यमा प्रयोग गर्न ।
- तालिका, चित्राकृति (डायग्राम) रेखाचित्र (ग्राफ) र आरेखको सूचनालाई तालिका, चित्राकृति, आलेख आरेखमा रूपान्तर गर्न ।
- नेपाली वाक्य तत्त्वको स्वरूप पहिचान गरी वाक्य तत्त्वपरक रचना गर्न,
- पाठ वा पाठांशको सङ्कथन संरचना पहिल्याउन,
- वाङ्मयका विविध क्षेत्रका गद्यांशहरू पढी तिनमा आधारित मात्र प्रश्नहरूको उत्तर दिन ।
- सम्बद्ध गद्यांशको बुँदा टिपोट र संङ्क्षेपीकरण गर्न,
- पाठ वा पाठांशका विषयवस्तुका आधारित भई स्वतन्त्र अभिव्यक्ति प्रकट गर्न,
- निर्धारित ढाँचामा आधारित भई व्यावहारिक लेखन र प्रतिवेदन तयार गर्न,
- विभिन्न विषयमा आत्मपरक तथा वस्तुपरक निबन्ध लेख्न,
- निर्धारित कविता, गीत/गजल, निबन्ध, कथा, उपन्यास र नाटकको सरसर्ती अध्ययन तथा तिनको आस्वादन गर्न र प्रतिक्रिया दिन ।

यस पाठ्यक्रममा उक्त साधारण उद्देश्यहरू समावेश गरीहाल स्नातक तहका विभिन्न संकायमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नेपाली भाषाको मानक रूपमा प्रयोग गर्न लगाउने उद्देश्यले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम शाखाले तय गरेको छ ।

## ४.३. स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट पाठ्य विषयको परिचय :

पाठ्य विषय भन्नाले भाषिक सीप प्राप्त गर्नको लागि पाठ्य पुस्तकमा समावेश गरिएका सामग्रीहरूलाई पाठ्य विषय भनिन्छ । स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रमलाई परिशिष्ट १ मा समावेश गरिएको छ ।

## ४.४. स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट व्याकरणात्मक पाठ्य विषय :

पाठ्य विषय वा पाठ्य सामग्री भन्नाले निर्दिष्ट उद्देश्य प्राप्त गर्न राखिदिएका सामग्रीलाई पाठ्य सामग्री भनिन्छ । शैक्षिक दृष्टिले हेर्ने हो भने खास तहका शिक्षार्थीहरूको भाषिक तथा वैषयिक विकासलाई ध्यानमा राखी निर्माण गरिएका लिखित सामग्रीलाई पाठ्य

सामग्रीका रूपमा लिइन्छ (अधिकारी, २०६७ : १११) स्नातक तहको अनिवार्य नेपाली विषयमा समाविष्ट व्याकरणात्मक पाठ्यविषय निम्नानुसार रहेको छ ।

**एकाइ एक :-** अक्षरीकरण र वर्ण विन्यास

- शब्दहरूको अक्षरीकरण
- नेपाली वर्ण विन्यास

**एकाइ दुई :-** नेपाली शब्दभण्डार

- शब्द स्रोत र शब्द वर्ग
- शब्द बनोट
- शब्दार्थ र शब्दहरूको प्रयोग (विभिन्न विषय क्षेत्रसंग सम्बन्धित सामान्य र विशिष्ट प्रकृतिका पारिभाषिक शब्दको प्रयोग) र अभ्यास

**एकाइ तीन :-** बाक्य तत्त्वपरक रचना

- स्वतन्त्र रचना (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण, अकरणका आधारमा वर्णन)
- निर्देशित सचना (वाक्यान्तरण)
- वाक्य संश्लेषण

**एकाइ चार :-** सङ्कथन/पाठको संरचना

- व्याकरणिक संसक्ति
- कोशीय संसक्ति

## ४.५ स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रमको व्याकरण शिक्षणका उद्देश्यहरू

स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समाविष्ट व्याकरण शिक्षणका निम्न उद्देश्यहरू रहेका छन :

- शब्दहरूको अक्षरीकरण गर्न
- नेपाली वर्णविन्यास प्रयोग गर्न
- नेपालीका विभिन्न स्रोतका शब्दको पहिचान गर्न
- शब्दवर्ग छुट्याई शब्दको बनोट देखाउन
- शब्दार्थ अनुसार शब्दहरूको प्रयोग गर्न
- वर्णनात्मक प्रकृतिका स्वतन्त्र रचना निर्माण गर्न

- निर्देशित रचना तयार गर्न
- शब्दहरूका व्याकरणिक र कोशीय संसक्ति पहिल्याउन
- अन्तर्वाक्यात्मक अर्थाविन्वति पत्ता लगाउन

## ४.६ स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रमको व्याकरण शिक्षणका विधिहरू

शिक्षण विधि भन्नाले सिकाउने तरिका हो । कसरी सिकाउँदा सिकारुहरूले सजिलो तबरबाट सिक्न सक्छन भन्ने विषयमा बढि केन्द्रित यो विधि रहेको हुन्छ । स्नातक तहको अनिवार्य नेपाली विषयलाई शिक्षण गर्न निम्न विधिहरू अपनाउन सकिन्छ ।

१) छलफल विधि

२. प्रश्नोत्तर विधि

३. व्यवहारिक वा प्रायोगिक

४. अभ्यास्त विधि

५. आगनात्मक विधि

यस पाठ्यक्रमले पनि यिनै शिक्षण विधीहरूका आधारमा शिक्षण गर्ने कुरा निर्देशन गरेको छ ।

## ४.७. पाठ्यक्रम अनुरूपताका आधारमा व्याकरणात्मक पाठ्यवस्तुको विश्लेषण र मूल्याङ्कन

पाठ्यक्रमले तोकेका विषयवस्तु र सो को उद्देश्य अनुसार पाठ्यसामग्री भए त्यसलाई पाठ्यक्रम बमोजिमको पाठ्यवस्तु भएको मानिन्छ । यो अध्ययन पनि वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयमा पाठ्यक्रमले तोकेका विषयवस्तु भए नभएको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनले स्नातक तहको अनिवार्य नेपाली विषयमा रहेका व्याकरणात्मक विधालाई मात्र अध्ययनको क्षेत्र बनाई अध्ययन एवं विश्लेषण गरिएको छ ।

### ४.७.१ अक्षरीकरण र वर्णविन्यास

#### ४.७.१.१ अक्षरीकरण :-

शब्दमा रहेका अक्षरको सीमा निर्धारणलाई अक्षरीकरण भनिन्छ । शब्दमा के कति अक्षरहरू समावेश भएको छ भन्ने कुराको निश्चय नै अक्षरीकरण हो ।

'एक झोक्कामा उच्चारण हुने वर्ण वा वर्ण समूहलाई अक्षर भनिन्छ । अङ्ग्रेजीमा अक्षरलाई सिलेबल भनिन्छ । वर्णभन्दा माथिल्लो र रूपभन्दा तल्लो भाषिक एकाइ अक्षर हो',

(गौतम, भण्डारी, ओभ्का, २०७०: ३) । 'एउटा शब्दभित्र के कति र के कस्ता अक्षर छन भन्ने देखाउन अक्षरीकण वा अक्षर विभाजन गरिन्छ, (शर्मा २०६६:२१) ।' वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा 'अक्षरीकरण' शीर्षक दिएर सोको अध्ययन गराउने लक्ष्य समेत रहेको पाईन्छ । यस शीर्षकको उद्देश्यमा 'शब्दहरूको अक्षरीकरण गर्न' भनी किटान समेत गरिएको छ । यति हुदाँहुदै पनि यस पाठ्यवस्तुमा भने प्रष्ट रूपमा उल्लेख नगरी सामान्य जानकारी मात्र दिने प्रयास भएको पाइन्छ । यो अनुसन्धानमा बनाइएका प्रश्नावली र सोको उत्तरदाता वा विषय विज्ञले समेत पाठ्यक्रममा समावेश भएको तर विस्तृत रूपमा व्याख्या एवं विश्लेषण नभएको भनि बताएका छन् । यति हुदाँहुदै पनि यो शीर्षक पाठ्यक्रममा र पाठ्यवस्तुमा समेत समावेश भएकोले यो पाठ्यक्रम अनुरूप पाठ्यविषय भएको स्पष्ट देखिन्छ । यस विषयलाई शिक्षण गर्ने विधि भने विशेष गरेर प्रायोगक नै रहेको छ । यस विषयको छुट्टै पाठ्यवस्तुको सहायताबाटनभइ छलफल अभ्यास तथा प्रयोगात्मक शिक्षण विधि अपनाइएको पाइन्छ । पाठ्यक्रमले सङ्केत गरे अनुसार यस शीर्षक अन्तर्गत निम्नअनुसारका विषयमा शिक्षण गर्नुपर्ने आवश्यक देखिन्छ । यसलाई शिक्षण गर्नयो भन्दा अगाडिको शिक्षक निर्देशिकालाई समेत सहायता लिई निम्न अनुसार शिक्षण गर्नुपर्ने हुन्छ ।

**४.७.१.१.१ नेपाली शब्दमा अक्षरको स्थिति**

वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयमा अक्षरीकरण सम्बन्धी, अध्ययन गर्नेगरीपाठ्यक्रम बनाएको छ । यस पाठ्यक्रममा प्रष्टसँग अक्षरको स्थिति बताउने गरीपाठ्यवस्तु नभएता पनि यस पाठ्यक्रमले सङ्केत गरेअनुसार सात प्रकारका अक्षरहरू भएको देखाउँदै तिनीहरूलाई निम्नानुसार शिक्षण गर्ने नीति लिएको छ ।

जसअनुसार :-

(क) स्वर मात्र अँ, ए ऊ/उ/

(ख) स्वर+व्यञ्जन आठ, एक /आठ्/, /एक्/

(ग) व्यञ्जन+स्वर म, जो /म/, =म्अँ, जो =ज्ओ

(घ) व्यञ्जन+व्यञ्जन+स्वर त्यो, क्या /त्यो /=त्य्ओ, क्या =क्य्आ

(ङ) व्यञ्जन+स्वर+व्यञ्जन रुख, खेल /रुख्/=र्उख्,

खेल/खेल्/=ख्एल्(च) व्यञ्जन+व्यञ्जन+स्वर+व्यञ्जन स्याल, स्वाद/स्याल/=स्य्आल्,

/स्वाद्/=स्व्आद्

(छ) ) व्यञ्जन+व्यञ्जन+व्यञ्जन+ ब्ल्याङ /ब्ल्याङ्/=ब्ल्यआङ्

स्वर+व्यञ्जन

**४.७.१.१.२ नेपाली द्विस्वर र द्विस्वर भएका अक्षर**

यस पाठ्यक्रमले सङ्केत गरेअनुसार नेपाली भाषामा दशवटा द्विस्वरहरूको शिक्षण गर्ने गरीपाठ्यक्रम तयार पारिएको छ । तिनीहरूलाई निम्नानुसार शिक्षण गर्न सकिन्छ :

अइ(ऐ) = ऐना/अइ.ना/वैशाख, मैना, घैया, पैठारी, दैनिकी, पैँचो

आइ = भाइ/भ्आइ/दाइ, गाई, नाइँ, काइ, हाइ

उइ = दुई/द्उइ/बुई, भुइँ, सुइँ, खुइ, चुइँचुइँ, दुइटा/दुइ.टा/

एइ = चेइ/च्एइ/हेइ, केइ, (केही ?)

ओइ = खोइ/ख्ओइ/पोइ, जोई, चोइटो, छोइला

अउ (औ) = औलो/अउ.लो/दौरा, कौवा, सौता, मौलो, चौलानी

आउ = भाउ/भ्आउ/आऊ, गाउँ, ठाउँ, नाउ, जनाउ

इउ = घिउ/घ्इउ/जिउ, बिउ, पिउरी, चिउरा, पिउसो

एउ = छेउ/छ्एउ/भेउ, लेउ, देउ, एउटा/एउ.टा/, सेउलो, ठेउला, देउसी

ओउ = छोऊ /छ्ओउ/धोऊ, होऊ, रोऊ

**४.७.१.१.३ शब्दको अजन्त र हलन्त उच्चारण तथा अक्षरीकरण**

स्नातक तहको पाठ्यक्रमले अक्षरीकरण अन्तर्गत शब्दको अजन्त र हलन्त उच्चारण तथा अक्षरीकरण गर्नेगरी यो पाठ्यक्रम तयार पारिएको छ । यस पाठ्यक्रमले निम्नानुसार अजन्त र हलन्त शिक्षण गर्न सङ्केत गरेको छ :

कर/कर्, खाम/खाम्/, गीत / गित्

अव्यय शब्द ं. तर/त.र/, पर/प.र/,वर ,तल, वरपर, आज, बाट

अनुकरणात्मक शब्द ं. टनन/ ट.न.न/,फनन,

अवशिष्ट रूप भएका शब्द : एघार/ए.घा.र/, चौध , अठार

अन्त्यमा य, ह हुने शब्द : जय/ज.य/, भय, क्षय, सय, सह, दह, तह,

अन्त्यमा व लेखिने तत्सम शब्द : नव/न.व/, शिव, ध्रुव

शब्दको विचमा लेखिने अजन्त वर्णको उच्चारण चाहिँ प्रायः हलन्त हुन्छ । जस्तैः सरकार/सर्कार्/, जमिनदार/जमिन.दार्/, फतफत/फत् .फत्/ हलचल/हल्.चल्/, मखमली /मख्.मली्/, अनपढ/अन्.पढ्/

तर कतिपय शब्दका बिचमा आउने अजन्त वर्णको उच्चारण नभएको पनि भेटिन्छ :
जजमान, कटहर, मुसहर, अवसर, अकमक्क, लहरो
यसरी शब्दको अजन्त र हलन्त उच्चार्य स्थिति विभिन्न देखिन्छ । शब्दको अक्षर संरचना उच्चारणमा आधारित विषय भएकाले यस्ता शब्दको अक्षरीकरण गर्दा मानक उच्चारणलाई नै आधार मान्नु पर्छ ।

**४.७.१.१.४ ऋ, ञ, ण, श, ष, क्ष, त्र, ज्ञ प्रयोग भएका शब्दको उच्चारण र अक्षरीकरण**

तद्भव र आगन्तुक नेपाली शब्दमा ऋ, ण,श, ष, क्ष, त्र, ज्ञ वर्णको प्रयोग लेख्य रूपमा पनि हुँदैन । लेख्य नेपालीमा यी वर्णको प्रयोग भएका तत्सम शब्द भने प्रशस्त मात्रामा भेटिन्छन् । अत : त्यस्ता तत्सम शब्दको उच्चारण र अक्षरीकरण (अक्षर विभाजन) यसरी गर्न सकिन्छ :

ऋ : ऋषि/रि. सि/

ञ : अञ्चल/अन्.चल /

ण : तत्सम शब्दमा ट, ठ, ड, ढ भन्दा पहिले लेख्य रूपमा आधा ण् को प्रयोग भए पनि त्यसको उच्चारण न् नै हुन्छ । जस्तै :
पण्डित/पन्:डित्/,दण्ड/दन्.ड/

तत्सम शब्दमा आएको सग्लो ण को उच्चारण चाहिँ कतै डँ जस्तो पनि सुनिन्छ तर डँ ले मात्र ण को उच्चारणको प्रतिनिधित्व गर्न नसकेको देखिन्छ । तसर्थ यहाँ ण को उच्चार्य रूप देखाउन अर्को उच्चार्य चिह्न उपलब्ध नहुँदा सुगमताका दृष्टिले ण कै लिपि चिह्नबाट काम चलाउनु उचित ठानिएको छ । जस्तै :

गण/गँड्/ वा /गण्/

कण/कँड्/ वा /कण्/

श,ष : नेपालीमा श, ष को उच्चारण स हुन्छ । तसर्थ श, ष प्रयोग भएका शब्दको मानक उच्चारण र अक्षरीकरण यसरी गरिन्छ :

शब्द/ सब्:द/, शासन/ सा.सन्/, शशाङ्क /स.साङ्.क/, शेखर/ से.खर्/

षड्यन्त्र/सड्.यन्.तर/, विशेषण / (बि.स्.सण्)/, निष्पक्ष /निस्.पच्.छ्य)/

क्ष त्र ज्ञ : नेपालीमा क्ष, त्र, ज्ञ संस्कृतमा जस्तै संयुक्त व्यञ्जन वर्ण हुन् । यिनको प्रयोग भएका तत्सम शब्द नेपालीमा यथेष्ट मात्रामा प्रचलित छन । यी तीन वटा वर्णमध्ये त्र को प्रयोग भएका तद्भव नेपाली शब्दमा पनि हुने गर्दछ । जस्तै :

कत्रो, झुत्रो, भुलेत्रो, भुत्रो, भित्र,

तत्सम शब्द : शत्रुता/सत्.त्रु (त्रु) ता/, गोत्र/ गोत्.त्र (त्र)/, मन्त्री (मन्.त्रि)

तद्भव शब्द : कत्रो / कत्. त्रो (त्रो)/, भित्र्याँस/ भित्.त्र्याँ (त्र्याँ) स् /

तर यिनको उच्चारणमा फरक नपर्ने हुँदा त्र को प्रयोगमा खास समस्या देखिदैन ।

क्ष को प्रयोग तत्सम शब्दमा मात्र हुन्छ । क्ष भएका शब्दको उच्चारण अग्र परिवेशमा छ वा छ्य हुन्छ भने मध्य र अन्त्यमा च्छ्य वा क्छ्य पनि हुन्छ । कतै च्छ पनि हुन्छ । जस्तै : क्षेत्र/ छेत्.त्र/ क्षेमकुशल, अक्षय/अच्.छ्य.य/, अक्.छ्य.य/

तत्सम शब्दमा मात्र प्रंयुक्त ज्ञ को उच्चारण ग्यँ हुन्छ । ज्ञ प्रयोग भएको वर्णको उच्चारण र अक्षरीकरण निम्नानुसार गर्न सकिन्छ । जस्तै ; ज्ञान / ग्याँन /, विज्ञान बिग्.ग्याँन्/, विज्ञापन / बिग्.ग्याँ.पन्/, आज्ञाकारी / आग्.ग्याँ.का.रि/

**४.७.१.१.५ द्वित्व उच्चारण हुने शब्द र तिनको अक्षरीकरण**

कतिपय नेपाली शब्दको लेखन एकल वर्णमा हुन्छ तर उच्चारण भने डबल वा द्वित्व खालको हुन्छ ।द्वित्व हुँदा पछिल्लो अक्षरमा रहेको वर्ण अघिल्लो अक्षरमा पनि सुनिन्छ । जस्तै ;

सल्यान / सल्.ल्यान् /, सत्य / सत्.त्य /, अत्यन्त /अत्.त्यन्.त/, जुम्रो/ जुम्.म्रो/, नम्रता/ नम्.म्र.ता/,दाम्लो /दाम्.म्लो/, आग्लो/ आग्.ग्लो/

**४.७.१.१.६ द्वित्व हुँदा अघिल्लो वर्ण परिवर्तन हुने शब्द**

य सँग संयुक्त व्यन्जनमा रहेका केही शब्दका महाप्राण वर्णको द्वित्व हुँदा डब्लिएको अघिल्लो वर्ण अल्पप्राण भई उच्चारित हुन्छ । जस्तै ; व्याख्या/ ब्याक्.ख्या/, उपाख्यान/ उ.पाक्.ख्यान्/, कथ्य/ कत्.थ्य/,

**४.७.१.१.७ मानक उच्चारण र अग्र परिवेशमा स युक्त संयुक्त व्यञ्जनमा अक्षरीकरण**

नेपालमा प्रचलित स्थान, स्तर जस्ता तत्सम शब्दको मानक उच्चारण क्रमशः /इस्.थान्/ वा / अस्.थान/, इस्.तर्/ वा / अस्.तर/ का रूपमा द्वयक्षरी नभई उच्चारणका लागि अङ्गेजीबाट भित्रिएका स्टेप, स्टिल, स्टार, स्टेसन आदि शब्दको पनि सघाएको हुन सक्छ । यही कुरा स्तम्भ , स्थायी ,स्थिति , स्तुति , स्मरण ,स्मरक , स्पर्श जस्ता द्वयक्षरी शब्दमा पनि लागु हुन्छ ।

### ४.७.१.१.८ मानक उच्चारण र अग्र अक्षरको पहिचान र सङ्ख्या निर्धारण

नेपाली भाषमा एक वा एकभन्दा बढी अक्षर भएका शब्द पाइन्छन् । तर एकाक्षरी, द्वयक्षरी शब्दको तुलनामा सो भन्दा बढी अक्षर भएका शब्दको सङ्ख्या क्रमश : कम प्रचलित देखिन्छन् । शब्दहरूको अक्षर सङ्ख्या र अक्षरीकरण (अक्षर विभाजन) यसरी देखाउन सकिन्छ :

(क) एकाक्षरी शब्द : ऊ, तँ , को, खेत / खेत्/, स्याल्/

(ख) द्वयक्षरी शब्द : हिमाल / हि.माल्/, आमा/आ.मा/, क्याम्पस/ क्याम्.पस/, चकचक/ चक्.चक्/, सरदार/ सर्.दार् /

(ग) त्र्यक्षरी शब्द : अवेला / अ.वबे.ला /, रमाइलो / र.माइ.लो /, सामाजिक / सा.मा.जिक् /, कोमलता / को.मल्.ता / कलाकार / क.ला.कार् /

(घ) चतुरक्षरी : असामाजिक / अ.सा.मा.जिक् /, सूर्योदय / सुर्.यो.द.य/, स्वतन्त्रता/ स्व.तन्.त्र.ता/

(ङ) पञ्चाक्षरी : अत्यावश्यकता/ अत्.त्या.बस्.स्यक्.ता /, न्यायपालिका / न्या.य.पा.लि.का /, आत्मविश्वासी / आत्.म.बिस्.स्वा.सि / अनुनासिकता / अ.नु.ना.सिक्.ता/

(च) षड्क्षरी शब्द : अतिमानवीय / अ.ति.मा.न.बि.य / , अ.ति.मा.न.बि.य./,उपनिवेशवादी/ उ.प.नि.बेस्.बा.दी/

(छ) सप्ताक्षरी शब्द : महान्यायाधिवक्ता / म.हा.न्या.या.धि.बक्.ता/,महानगरपालिका / म.हा.न.गर्.पा.लि.का /

(ज) अष्टाक्षरी शब्द : अतिविश्वासनीयता / अ.ति.बिस्.स्व.स.नि.य.ता /

(झ) नवाक्षरी शब्द : उपमहानगर पालिका / उ.प.म.हा.न.गर्.पा.लि.का/, उपमहान्यायाधिवक्ता / उ.प.म.हा.न्या.या.धि.बक्.ता/

### ४.७.१.२ नेपाली वर्णविन्यास :-

भाषालाई उच्चारण अनुरूप लिपिमा रूपान्तरित गर्ने अर्थात लेख्ने प्रक्रियामा केही नियम वा व्यवस्था पालना गर्नुपर्ने हुन्छ । वर्ण प्रतिकको नियम बमोजिम लेखनको यही विधान वर्ण विन्यास हो । (शर्मा २०६६: २७)

कुन वर्णलाई कहाँ र कसरी लेख्दा खेरि भाषामा शुद्धि आउँछ र अर्थको अनर्थ हुदैन भन्ने कुरा सिकाउने पाठको नाम 'वर्ण विन्यास' हो, (चापागाई २०५० : १६)

वर्ण विन्यास भन्नाले भाषको लिखित रूपलाई शुद्ध बनाउने एक अध्याय हो । यसैको आधारमा भाषाको शुद्ध र अशुद्ध रूप पत्ता लगाउन सकिन्छ । नेपालको वर्तमान शिक्षा नीतिमा स्नातक तहलाई उच्च स्तरको तह मानिएको छ । वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयमा वर्णविन्यास सम्बन्धी प्रायोगिक सामग्रीहरू राखिएको छ । यस तहको पाठ्यक्रममा र पाठ्यवस्तुमा समेत यो विषय स्पष्ट रूपमा रहेको पाईन्छ । यस शीर्षकको उद्देश्य 'नेपाली वर्णविन्यास प्रयोग गर्न' राखिएको छ । तापनि स्नातक तहको सन्दर्भ सामग्री 'स्नातक नेपाली' मा मात्र वर्णविन्यास सम्बन्धी पूर्ण सामग्री नभएको हुदाँ यो भन्दा अघिल्लो पाठ्यसामग्रीलाई समेत यस अध्ययनमा समावेश गरिएको छ । यस शीर्षक अन्तर्गत वर्णविन्यास सम्बन्धी निम्नअनुसार शिक्षण गर्नुपर्ने देखिन्छ ।

### ४.७.१.२.१ लेख्य र नेपाली वर्ण विन्यास

कथ्य भाषालाई लेख्य भाषामा प्रस्तुत गर्दा लिपि चिह्न वा लेख्य वर्णको सहयोगले प्रस्तुत गरिन्छ । त्यसका लागि वर्ण, मात्र चिह्न आदिको निश्चित रखाइ क्रमको पालना गर्नु पर्छ । लेख्य भाषामा वर्ण, मात्र चिह्न आदिलाई लेख्य विन्यास अनुरूप राख्ने कार्य नै वर्ण विन्यास हो । एउटै भाषाका उच्चार्य र लेख्य रूप अलग अलग हुन्छन् । उच्चार्य भाषा उच्चार्य वर्णको सहयोगले उच्चारित हुन्छ । लेख्य भाषामा उच्चार्य वर्णका प्रतिनिधि बनेका लेख्य वर्ण र प्रचलित लिपिका थप लेख्य वर्णको पनि प्रयोग भएको हुन्छ । नेपाली भाषा देवनागरिक लिपिमा लेखिँदै आएकाले यसका उच्चार्य वर्णभन्दा केही भिन्न लेख्य वर्ण समेत लेख्य नेपालीमा आएका छन् । ऋ,ञ,ण,श,ष,क्ष,त्र,ज्ञ, यस्तै थप लेख्य वर्ण हुन् ।यी बाहेक स्वर वर्णको दीर्घ मात्र जनाउने ई,ऊ का साथै आइ, अउ स्वरलाई सङ्केत गर्ने छुट्टै ऐ, औ को प्रयोग पनि लेख्य नेपालीमा हुने गर्छ । व्यन्जन वर्णमा स्वरको ह्रस्व र दीर्घ जनाउने ी, ू मात्रा र अनुस्वार ( ं ), विसर्ग ( : ), हलन्त (,) आदि चिन्ह्नको पनि प्रयोग हुन्छ । पदयोग तथा पद वियोगको प्रयोग समेत लेख्य भाषामा गरिन्छ । लेख्य भाषामा ख्याल गर्नु पर्ने यस्ता विभिन्न कुराई वर्ण विन्यास अन्तर्गत राखिएको छ । वर्ण विन्यास लेख्य भाषाको एकरूपता र शुद्धतासँग सम्बन्धित विषय हो । वर्ण विन्यासको सही सुचना दिने सन्दर्भ ग्रन्थ शब्दकोश हो । किनभने सम्बन्धित भाषाको शब्द भण्डारमा रहेका यावत् शब्दको लेख्य विन्यास अनुसार शब्दकोशमा ती शब्दलाई प्रविष्टि दिइएको हुन्छ । नेपाली वर्ण विन्यास सम्बन्धी आधिकारिक सूचना प्राप्त गर्ने स्रोत शब्दकोश नै हो ।

नेपाली वर्ण विन्यासका नियम दुई वर्गमा विभाजित छन् :

(क) तत्सम शब्दको वर्ण विन्यास

(ख) तद्भव र आगन्तुक शब्दको वर्ण विन्यास

### ४.७.१.२.२ तत्सम शब्दको वर्ण विन्यास

नेपाली भाषामा प्रयोग हुने संस्कृत स्रोतबाट आएका वा सोही आधारमा निर्मित तत्सम शब्द संस्कृतकै नियमअनुसार लेखिन्छ । त्यसैले तिनको बारेमा यहाँ चर्चा गरिएको छैन । शब्दकोश नै ती शब्दको वर्ण विन्यास सम्बन्धी निर्णायक सन्दर्भ ग्रन्थ हो

### ४.७.१.२.३ तद्भव र आगन्तुक शब्दको वर्ण विन्यास

संस्कृत प्राकृत हुँदै नेपाली भाषामा आएका शब्द, संस्कृत बाहेकका अन्य भाषाबाट आएका शब्द र नेपाली अनुकरणात्मक शब्द तद्भव र आगन्तुक शब्दको वर्ण विन्यासको नियमानुसार लेखिन्छन् । नेपाली प्रकृतिका व्युत्पन्न शब्द पनि यसमन नै पर्दछन् । पदान्तमा दीर्घ लेखिने केही प्रचलन बाहेक तद्भव र आगन्तुक शब्दमा नेपाली उच्चार्य वर्णहरूको प्रयोग नै पर्याप्त हुन्छ । यो कुरा तलका बुँदाबाट अरू खुलस्त हुन्छ :

(क) नेपाली भाषामा प्रचलित तद्भव, आगन्तुक र अनुकरण शब्दका सुरु र माझका इकार उकार ( वर्ण र मात्रा दुवै ) ह्रस्व लेखिन्छन् ।

(ख) नेपाली भाषामा प्रचलीत सबै तद्भव, आगन्तुक र अनुकरण शब्दमा आउने सकार (स) दन्त्य  मात्र हुन्छ ।

(ग) नेपाली तद्भव, आगन्तुक र अनुकरण मूल शब्दमा उच्चारण अनुसार ब, व, य, ए, ङ, न, म वर्णको प्रयोग हुँदैन ।

(घ) नेपाली तद्भव,आगन्तुक र अनुकरण शब्दमा ई, ऊ, ऋ, ञ, ण,श,ष,क्ष,ज्ञ को प्रयोग हुँदैन ।

### ४.७.१.२.४ मिश्रित नियम

केही तद्भव तथा आगन्तुक शब्दका माझमा र अन्त्यमा ह्रस्व र दीर्घ लेखिने भएकाले त्यस्ता शब्दलाई मिश्रित नियम अन्तर्गत राखिएको हो ।

(अ) अन्त्यमा ह्रस्व इ उ (ि, ु ) लेखिने : सजीव नाम ( दाइ,नाति,जेठाजु,दाजु,साहु ), निर्जीव उकारान्त नाम ( भाउ,दाउ,आलु,मासु,आँसु,पिठिउँ,गुनिउँ), संयुक्त व्यन्जनमा उकारान्त नाम (पिठ्युँ, गुन्यु, कुन्यु), सर्वनामबाट बनेका ति अन्त्यमा हुने विशेषण ( कति, यति, जति), इकारान्त तथा कारान्त अव्यय ( अनि,पनि,माथि,बरु ), स्थानवाची उकारान्त शब्द (गाउँ,

ठाउँ, सोलु, मुगु, चाँगु, बालाजु, बल्खु ), विशेषण उकारान्त ह्रस्व ( ठालु, पिछलग्गु, पिट्ठु, बुद्धु ) र आउ, आइ, आइँ, याइँ , नु , आलु ,एलु ,आरु ,उ , प्रत्यय लागेर बन्ने शब्दहरू ।

(आ) अगाडि दीर्घ लेखिने : एकाक्षरी सर्वनाम ( यी, ती , ऊ )

केहीश्रुतिसम भिन्नार्थी शब्द : ( जुन , चन्द्रमा , ), तीर (काँडा), फूल (पुष्प)

(इ) माझमा दीर्घ लेखिने : दीर्घ इकारान्त पूर्वपद भई अर्को शब्दसँग समास हुँदा कुनै विकार नआएका समस्त शब्द (जडीबुटी , बोलीचाली , बालीनाली, गाईजात्रा, चरीनङ्ग्रे, )

**(ई) अन्त्यमा दीर्घ लेखिने :**

स्त्रीलिङ्गी नाम ,विशेषण र क्रिया : नाम ( छोरी, बहीनी ,जोई, फुपू , सासू ), विशेषण ( काली, होची, बाठी, लाटी, राम्री, गोरी), क्रियापद, (गाई, वढ्थी, जाली, आउली, सुती) केही पुलिङ्गी नाम (सम्धी, खसी), दुबै लिङ्गमा प्रयोग हुने केही नाम (हात्ती, माउसुली, थर पेसा र जाति जनाउने शब्द : थर (उप्रेती, राई, थारु), पेसा (धोबी, हली, तेली), जाति ( नेपाली, बङ्गाली) । इकारान्त स्थानवाची शब्द( डोटी, गुल्मी, कास्की, जिरी, म्याग्दी, मोदी, मादी, खिम्ती, भेरी), निर्जीव जनाउने इकारान्त शब्द (पानी, रक्सी, ओखती), इकारान्त आगन्तुक शब्द (डिग्री, उर्दी, ट्याङ्की), आदरार्थी जी, ज्यू (साहुजी, खाली, सिल्ली), अनेकाक्षरी सर्वनाम (उनी, आफू, तपाई, तिमी), इकारान्त विशोषण (अल्छी, खाली, सिल्ली), इकारान्त सङ्ख्यावाचक शब्द (दुई, साठी, सतरी), पूर्व कालिक कृदन्त जाऊँ, बसूँ, हेरुँ, पढ्नू), । इकारान्त प्रत्यय (ई, अनी, आनी, आउनी, ती आउरी, आरी, आडी, औरी, एली, आली/यौली, अरी, तरी) ललागेर बन्ने शब्द ।

### ४.७.१.२.५ क्षतिपूर्ति दीर्घीभवन रकथित शिष्ट प्रयोग

संस्कृत प्राकृत हुँदै नेपालीमा प्रचलित केही शब्द नेपालीमा दीर्घ लेख्ने प्रचलनलाई क्षतिपूर्ति (क्षतिपूरक) दीर्घीभवन भनिन्छ । संस्कृतबाट प्राकृत हुँदै नेपाली शब्द भण्डारमा प्रवेश गरेकाले ती शब्द तद्भव नै हुन् । नेपालीमा तद्भदव शब्द ह्रस्व लेख्ने प्रचलन बसि सकेको परिप्रेक्ष्यमा तिनै तद्भव शब्दलाई दीर्घ मात्रामा लेख्दा अपवाद नियम बढदै जाने हुन्छ । अपवादको न्यूनिकरण गर्नुको सट्टा संरक्षण गर्नु वाञ्छनीय हुँदैन । अर्कातिर यस्ता शब्दलाई ह्रस्वमा पनि लेख्न सकिने विचार नेराप्रप्रको गोष्टिबाट समेत आएको (डा. टीकाराम पन्थि : संयो. नेपाली वर्ण विन्यास विषयक अधिगोष्टि : २०५७ पृ ४७ ) र यसले अपवादको न्यूनिकरण गर्न सहयोग पुग्ने भएकाले ह्रस्व लेख्नेतर्फ शिक्षण कार्यलाई प्रवृत्त गराउनु उपयुक्त हुन्छ । यस्ता शब्द हुन् : मीठो-मिठो, पीठो - पिठो, तीतो तितो, ढीटो

ढिटो, दीगो दिगो, पीँध पिँध , मीत मित, सीधा सिधा, सीप सिप , नीद निद , बूढो बुढो , जूठो जुठो , पूठो पुठो , दूध दुध , दूबो दुबो चून चुन , चूर चुर, पूठ पुठ , पूरा पुरा , रुगा रुगा रुगा , रुखो रुखो , रुख रुख ।

यस्तै ठीक ठिक, चील चिल , भीड भिड , बीच बिच , आदि पनि यसै वर्गमा आउँछन् । क्षतिपूर्ति दीर्घीभवनमा पनि नपरेका तर कथित शिष्ट परम्पराको नामबाट दीर्घ लेखिँदैन गरेका नीलो, कीरो , खील, चीसो, जीउ, बीउ, घीउ, गहीरो, दीयो, पीरो, पीर, जीरा, धूलो, धूँवा, सूरो, ठूलो, मूला, मूसो, आदि शब्दलाई सहज रूपमा तद्भव नेपाली मानी क्रमश : निलो,किरो, किलो, खिल, चिसो, जिउ, बिउ, गहिरो, दियो, पिरो, पिर, जिरा, धुलो, धुँवा, सुरो, ठुलो, मुला, मुसो ह्रस्व लेख्नु पर्छ । यस्तै घिन, घिउ, भिर, पिप, पनि ह्रस्व लेख्नु पर्छ । यसो गरिएमा नेपाली भाषाको वर्ण विन्यासमा एकातिर अपवाद कम हुन जाने र अर्कातिर वर्ण विन्यासका नियमलाई अनुमेय बनाउन सहयोग पुग्ने देखिन्छ ।

### ४.७.१.२.६ संख्या वाचक शब्द

केही संख्या वाचक शब्दका अगाडि र माझमा आउने इकार दीर्घ (जस्तै : बीस, पच्चीस, छब्बिस, तिस बत्तीस, चालिस, बयालिस, चवालीस) लेख्नुभन्दा बिस, पच्चिस, छब्बिस, तिस, बत्तिस, चालिस, बयालिस, ह्रस्व लेख्नु उपयुक्त हुन्छ । यसो भएमा अपवाद नियम निकै कम हुन्छन् । अझ यस्ता संख्या वाचक शब्दमा प्रत्यय लागि बनेका शब्द पनि आधार तत्त्व अनुसार वर्ण विन्यासमा दीर्घ लेख्ने गरेको पनि पाइन्छ । तद्भव भएकाले संख्या वाचक शब्दलाई र तिनमा प्रत्यय जोडिई बनेकाले तिनबाट ब्युत्पन्न शब्दलाई पनि दीर्घ लेख्नु उचित देखिदैन । तसर्थ तिनलाई बिसौं, असिऔं, साठिऔं, अठचालिसौंमा जस्तो ह्रस्व लेख्नु पर्छ ।

### ४.७.१.२.७ तत्सम आधार तत्त्वबाट तद्भव प्रत्यय लागेर निर्मित शब्द

पण्डित, स्वीकार, विचार, दुष्ट, मूर्ख, दश जस्ता तत्सम आधार तत्त्वमा तद्भव प्रत्यय लागेर बनेका पन्डित्याइँ, स्वीकार्नु, विचार्नु, दुस्ट्याइँ, मुर्ख्याइँ, दसौँ आदि व्युत्पन्न शब्द हुन् । त्यसैले यिनलाई तद्भव नेपाली वर्ण विन्यास नियम अनुसार लेखिनु पर्नेमा तत्समकै नियममा पण्डित्याइँ, स्वीकार्नु , विचार्नु , दुष्ट्याइँ, मूर्ख्याइँ, दशौँलेख्ने गर्नु उपयुक्त होइन । अत : यिनलाई तत्भव वर्ण विन्यास अनुसार नै लेख्नु पर्छ ।

### ४.७.१.२.८ पदयोग र पदवियोग

यस तहको पाठ्यक्रमले तय गरेअनुसार पदयोग र पदवियोग गर्दा निम्नानुसार गर्ने गरीशिक्षण गर्न आवश्यक देखिएको छ । पाठ्यक्रमले पाठ्यसामाग्री निर्धारण नगरेता पनि नेपाली भाषाका पदहरूलाई यसरी शिक्षण गर्न सकिन्छ ।

**पदयोग :**

पदयोग भनेको एउटै डिकोमा लेखिने कार्य हो । जसले अर्थ अस्पष्ट भएका पदहरूलाई जोडेपछि अर्थ स्पष्ट हुन्छ ।

(क) शब्दसँग प्रत्ययवत् प्रयोग हुने विभक्ति , छोटा नामयोगी, शब्दाश ( उदा.कर, कार, कृत, परक, मूलक, जनक, आदी ) लाई पदयोग गर्ने (रामले, उनी, नाटककार, आत्मपरक, सन्तोषजनक

(ख) सन्धि हुदाँ पूर्वापर शब्दमा विकार आएका शब्द पदयोग गरी लेख्ने । जस्तै, सूर्योदय, विद्यालय, एकासी, महौषधी, सत्याग्रह

(ग) द्वित्व शब्दको द्विरुक्त निरर्थक र विकारी अंश पदयोग गरी लेख्ने । जस्तै, गुटुमुटु, भातसात, आनीबानी, गर्ल्यामगुर्लुम, झैझगडा, पालैपालो, सरसहयोग

(घ) दुई अक्षरसम्मका स्वरान्त शब्दले बनेका समस्त शब्द जोडेर लेख्ने । जस्तै, केटाकेटी, बाबुआमा, शिक्षामन्त्री, अर्थमन्त्री

(ङ) अकरणको न । जस्तै, नपढेको, नजाउः ।

**पद वियोग :**

समस्त शब्द भएता पनि डिको फरक दिएर पनि नेपाली भाषा शिक्षण गर्न सकिन्छ । यसरी शिक्षण गर्दा पनि अर्थको अनर्थ हुदैन । जस्तै : नेपाल सरकार, संसद भवन, शिक्षा विभाग, विद्या मन्दिर, संविधान सभा, मजदुर संघ ।

(क) हरेक शब्द छुट्टाछुट्टै लेख्ने गरिन्छ । जस्तै, राम घर जान्छ ।

(ख) वाक्यमा निपाततथा संयोजक बेग्लै लेखिन्छन् । जस्तै, तिमि त निरोगी नै रहेछौ । म मात्र घर जान्छु । हरि चाहिँ आएन । राम र श्याम गएनन् ।

(ग) जना, वटा/ओटा जस्ता कोटिकर बेग्लै लेखिन्छन् : पाँच जन, बाऱ्ह वटा ।

(घ) विभक्तिपछि आउने नामयोगी । जस्तै, देशका लागि, आफ्नो परिवारका निम्ति

(ङ) व्यञ्जनान्त द्वयक्षरी र सोभन्दा बढी अक्षरका नामयोगीलाई अगिल्लो पदबाट पद वियोग गरी लेखे । जस्तै, बाहेक, बापत, मार्फत, समेत, सहित, समक्ष, बित्तिकै, अनुसार, अर्न्तगत, अनुरूप, बमोजिम, मुताबिक, लगायत ।

(च) विशेषण र विशेष्य भई आउने शब्द । जस्तै, शुभ दिन, शुभ कामना, शिष्ट व्यक्ति, बडा दसैं, भित्ते पात्रो, सामाजिक, शैक्षिक सत्र, विद्वान मानिस ।

(छ) सार्थक प्रकृतिका द्वित्व शब्दलाई अलग अलग लेख्ने। जस्तै, जो जो, को को, जे जे, के के, कुन कुन, जहाँ जहाँ, कुन कुन, छेउ छेउ, जति जति, राम राम, फरक फरक हुन्छ ।

(ज) दुई अक्षरबाट बनेका व्यञ्जनान्त शब्द । जस्तै, नेपाल सरकार, भवन निर्माण, पुराण वाचन, सडक सुधार ।

(झ) जुनसुकै एकाक्षरी वा द्वयक्षरी शब्दसँग व्यञ्जनान्त द्वयक्षरी वा सोभन्दा बढीका जुनसुकै अनेकाक्षरी शब्दहरू समास भई संलग्न रहेमा पनि उल्लिखित अनुसार नै पद वियोग गरी लेखिन्छन् । जस्तै, देशविकास, श्रम विभाग, भूमि सुधार, जिल्ला प्रशासन, संविधान सभा, मानव अधिकार, उपचार केन्द्र, सबारी साधन, शिक्षा कार्यालय ।

(ञ) व्यक्ति वाचक नामसँग आउने अर्को पद । जस्तै, मुगु जिल्ला, पर्वत जिल्ला, नेपाल राष्ट्र, देवकोटा चोक ।

(ट) जाति, वर्ग, समाज आदि जनाउँदा सोभन्दा पहिले आउने नाम । जस्तै, मानव, जाति, गुरुङ जाति, गुरु वर्ग, नारी समाज, विद्यार्थी वर्ग, सज्जन वृन्द, चैत महिना, ग्रीष्म ऋतु, वर्षा याम, कोत पर्व, सात गते ।

(ठ) दईभन्दा बढी शब्दबाट बनेका समस्त शब्द । जस्तै, दाल भात डुकु, गाँस बास कपास, मन वचन कर्म, लोक सेवा आयोग ।

(ड) संयुक्त क्रिया । जस्तै, हेर्नु पर्छ, सुन्नु पऱ्यो, पढ्नु हुन्छ , पढ्नु भयो, जानु छ, सुन्नु थियो, गएको छ, सुन्दो छ, पढ्दै छ, आउने छ, आउँदै गर, गए हुन्छ, भए पुग्छ, भन्न सक्छ, फहराई रहेको छ, भनि दिनु होला, पुऱ्याइ दिनु हुने छ ।

(ढ) विभाजक जनाउने न । जस्तै, न तिमि न म, न पढ्छ न लेख्छ ।

## ४.७.२ नेपाली शब्द भण्डार

वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा व्याकरणको अध्ययनमा शब्द भण्डारलाई समावेश गरिएको छ । शब्द भण्डार अध्यापन गराउनुको निम्न उद्देश्यहरू रहेका छन् ।

नेपालीका विभिन्न स्रोतका शब्दको पहिचान गर्न,

शब्द वर्ग छुट्याई शब्दको बनोट देखाउन,

शब्दार्थ अनुसार शब्दहरूको प्रयोग गर्न ।

उक्त उद्देश्यहरू पुरा गर्न नेपाली शब्द भण्डारमा निम्न पाठ्यवस्तु समावेश गरिएको छ :

शब्द स्रोत र शब्द वर्ग

शब्द बनोट

शब्दार्थ र शब्दहरूको प्रयोग ।

यी पाठ्यविषयलाई आधार बनाई स्नातक तहमा शब्द भण्डारको विकास गराउने लक्ष्य लिइएको पाईन्छ । यी विषयलाई पाठ्यक्रमले तय गरे तापनि उक्त पाठ्यविषयको विस्तृत व्याख्या एवं सामग्री भने छैन । 'स्नातक नेपाली' मा शब्द भण्डारलाई समावेश गरी केही व्याख्या एवं विश्लेषण गरेको पाइन्छ । यो अध्ययन गर्न तयार पारिएको प्रश्नावलीको जवाफमा पनि स्नातक तहमा 'शब्द भण्डार' रहेको भनी उत्तर पाइएको छ । यिनै कारणले यो शब्द भण्डार पाठ्यक्रम अनुसार पाठ्यविषय भएको पाइन्छ । यस विषयलाई अध्ययन गर्न छुट्टै पाठ्यसामग्री नबनाई पाठ्यपुस्तककै सहायताबाट अध्यापन गराउने गरिएको पाइन्छ र यसको मूल्याङ्कन पनि विभिन्न अनुच्छेद दिएर शब्द भण्डार पहिल्याउने भएकाले यसको शिक्षण निम्नानुसार गर्न सकिन्छ ।

**४.७.२.१ शब्द स्रोत र शब्दवर्ग**

भाषाका शब्दहरूको आगमनको मूल स्रोतलाई शब्द स्रोत भनिन्छ । भाषाका शब्दहरूको स्रोत पत्ता लगाई त्यसैका आधारमा गरिने वर्गिकरण नै स्रोतका आधारमा गरिने शब्द वर्गीकरण हो । नेपाली भाषाको मूल स्रोत संस्कृत हो । तर संस्कृत बाहेक अन्य विभिन्न भाषाहरूबाट पनि नेपाली शब्दहरूलाई मौलिक र आगन्तुक शब्द गरीदुई प्रकारमा वर्गीकरण गरिएको छ । संस्कृतबाट जस्ताको तस्तै वा केही रूप फेरिएर नेपाली भाषामा आएका शब्दहरू मौलिक शब्दहरू आगन्तुक शब्द हुन् ।

स्नातक तहको पाठ्यक्रमा शब्दस्रोत भनी शीर्षक दिएर सोको ज्ञान गराउने उद्देश्यले पाठ्यक्रमा यो शीर्षक चयन गरेको छ । यस शीर्षकको उद्देश्य "नेपाली भाषामा प्रयोग भएका विभिन्न स्रोतका शब्दको परिचय दिन" रहेको छ भने यस्को विस्तृत रूपलाई प्रष्टसंग राखिएको छैन । यस पाठ्यक्रमा सामान्यतया विषयवस्तुको संक्षिप्त रूपमा देखाइएको छ । यस शीर्षकसंग प्रश्नावली तयार पारी सोधिएको प्रश्नमा सम्बन्धित विषय

शिक्षकले यसलाई पाठ्यक्रमा समावेश गरिएको बताएका छन् । स्नातक तहको संन्दर्भ सामग्री 'स्नातक नेपाली' मा पनि यस शीर्षकलाई केही हद सम्म प्रष्ट बनाउने प्रयास गरेको पाइन्छ । यिनै सन्दर्भ सामग्री तथा पुरानो पाठ्यक्रममा समेत यसलाई स्पष्टसँग उल्लेख नगरेको हुदाँ यसलाई निम्नानुसार शिक्षण गर्न सकिन्छ ।

**४.७.२.१.१ शब्दस्रोत**

विभिन्न भाषाबाट तल दिइएअनुसारका शब्दहरू नेपाली भाषामा आएका छन ।

**आगन्तुक शब्द** : आधार, मानवीय, भौतिक, आर्थिक, मुख्य, कारण, मानव, अभाव ।

**अरबी** : तारिख, दफा, दुनियाँ, यकिन, तमाम, नाल, फिक्री, राय, लायक, वतन, सबुत, नजिता, अख्तियार, आदि ।

**फारसी** : सितार, हप्ता, ताजा, तेज, गुलाफ, चादर, मुफ्त, याद, चासनी, जागिर, दरबार, देहात, सिफारिस, स्रेस्ता ।

**अङ्ग्रेजी** : सिनेमा, सुटकेस, टिन, नोटिस, पोस्टर, ड्राइभर, नर्स, बस, मोटर, हर्सपावर, इन्जिन, इत्यादि ।

**तुर्की** : मुचुल्का, तोप, तलास, लफङ्गा, कुली, चक्कु, कुर्की, कैंची, लास, सौगात, इत्यादि ।

**पुर्तगाली** : बाल्टी, कम्पु, पियन, गोभी, फेटा, गोदाम, पिपा, इस्त्री, कमिज, फाल्टु, इत्यादि ।

**फ्रान्सेली** : बबिन, विगुल, पुलिस, मेम, रेष्टुराँ, कलेज, कार्तुस, इन्जिनियर, कुपन, डिलक्स, बैंक, ब्लाउज इत्यादि ।

**ल्याटिन** : अपरेटर, एजेन्डा, कोटा, कोरम, क्याम्पस, क्यालेन्डर, डिपोजिट, डेलिगेट, प्रोफेसन, सेमिनार, किन्डरगार्डेन, निकेल, फरेनहाइट इत्यादि

**ग्रीक** : फिलोसफी, थर्मस, थिसिस, थ्योरी, प्रोग्राम, इत्यादि ।

**रसियाली** : ग्लासनोस्त, जार, भोड्का, रुबल, सोभियत, स्तुपनिक, इत्यादि ।

**जापानी** : कराते, जुडो, येन, रिक्सा, सुजुकी, सेक, होन्डा इत्यादि ।

नेपालमा बोलिने विभिन्न भाषाबाट पनि नेपालीमा शब्द आएका छन ।

**नेवारी** : कौ, कौसी, खापा, गुभाजु, छिंडी, ज्यापू, झ्याल, ढोका, प्वाल, फोसा, बुइँगल इत्यादि ।

**तिब्बती** : च्याङ्ग्रा, जिम्मु, थुक्पा, दोचा, बक्खु, भोट, यति, रक्सी, लामा, शेर्पा इत्यादि ।

**मगर** : आँसी, आले, चुँदी, तादी, थुन्से, पटुका, बाउसे, मादी, रिडी इत्यादि ।

**मैथिली** : जन, ठाट, ढाट, ढेवा, पटुवा, पैनी इत्यादि ।

**गुरुङ्ग** : घले, घुम, रोदी इत्यादि ।

**तामाङ्ग** : च्याङ्वा, डम्फु इत्यादि ।

### ४.७.२.१.२ शब्दवर्ग

यस पाठ्यक्रमले शब्दवर्गलाई पाठ्यवस्तु बनाई शिक्षण गर्न सङ्केत गरेको छ । पाठ्यक्रममा शब्दवर्गलाई के र कति शिक्षण गर्ने प्रष्ट रूपमा निर्देशन नभएता पनि यसले सङ्केत गर्ने अनुसार नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधकलाई पाठ्यवस्तु बनाएर निम्नानुसार शिक्षण गर्न सकिन्छ :

- **नाम**

कुनै व्यक्ति वा वस्तुलाई जनाउने शब्द नाम हो । यो वाक्यमा कर्ता, कर्म र पूरक बनेर प्रयोगमा आउँछ । यो विकारी वर्गको शब्द भएको हुँदा यसको रूपायन लिङ्ग, वचन र विभक्ति तत्त्व (नामयोगी समेत) का आधारमा हुनछ । विभक्तिको संलग्नताले ओकारान्त तथा नुकारान्त नाममा रूपायन देखिन्छ । विभक्ति तत्त्वका आधारमा रूपायन भनेको तिर्यकीकरण हुनु हो । जस्तै, छोरो+ले=छोराले, डोको+मा=डोकामा, पढ्नु+ले=पढ्नाले आदिमा आधार तत्त्वमा तिर्यकीकरण भएको छ । नामलाई सजीव-निर्जिव, मानवीय-मानवेतर, सङ्ख्येय-असङ्खेय जस्ता वर्गबाट पनि हेर्न सकिन्छ । यिनले पनि नाममा निहित व्याकरणात्मकता दर्साएको पाइन्छ । नेपालीमा सजीव नाम कर्म बनी आउँदा लाई विभक्ति वाक्यमा पुलिङ्ग र स्त्रीलिङ्गमा अलग सङ्गति लिन्छ भने मानवेतर नामले स्त्रीलिङ्गको सङ्गति लिदैन । सङ्ख्येय नाम एक वचन र बहुवचन दुवै लिन्छ भने असङ्ख्येय नामले बहुवचन लिदैन ।

- **सर्वनाम**

नाम वा नामिक पदका सट्टामा आउने शब्द सर्वनाम हो । नाम जस्तै सर्वनाम पनि वाक्यमा कर्ता, कर्म र पूरक बनेर प्रयोगमा आउँछ । सर्वनामले पुरुष (व्यक्ति) को भिन्नता जनाउँछ । नेपालीमा यस्तो भिन्नता अलग अलग शब्दबाट जनाइन्छ । सर्वनामको रूपायन वचन र विभक्ति उल्लेख तत्त्वका आधारमा हुन्छ । सर्वनाम बद्ध वर्गको शब्द भएको हुँदा यसका सबै रूपलाई उल्लेख गरेर देखाउन सकिन्छ । जस्तै -

पुरुष वाचक

प्रथम पुरुष : म, हामी

द्वितीय पुरुष : तँ, तिमी, तपाईं

तृतीय पुरुष : यो, त्यो, ऊ

आत्म वाचक : आफू, निज

दर्शक : यो, त्यो/यहाँ, उहाँ

प्रश्न वाचक : को,के कुन

सम्बन्ध वाचक : जो, जे, जुन, सो

अनिश्चय वाचक : कोही, केही, कुनै, कसै, जोसुकै, जेसुकै, जुनसुकै

नेपालीमा दर्शक सर्वनाम र तृतीय पुरुष सर्वनामका रूप एउटै हुन्छन भने वचन र विभक्ति (सरल र तिर्यक् रूप) मा रूपायित हुँदा मैले, तैँले, त्यसले, उसले, जसले, कसले, यिनले, तिनले, उनले जस्ता रूप पनि बन्दछन ।

- **विशेषण**

नामको विशेषता जनाउने शब्द विशेषण हो । विशेषण वाक्यको अनिवार्य नभई ऐच्छिक घटक हुन्छ तर पूरकका स्थानमा भने विशेषण पनि अनिवार्य घटक बनी आउन सक्छ । विशेषणले वाक्यको नाम पदावलीमा विस्तारकको काम गर्दछ र ओकारान्त विशेषणले नामका साथ सङ्गति लिने हुँदा यसको रूपायन लिङ्ग, वचन, विभक्तिका आधारमा हुन्छ । विशेषणलाई पूर्व विशेषण (उद्देश्य विशेषण र विधेय विशेषण), तुलना वाचक, गुण वाचक र संख्या वाचक (उद्देश्य विशेषण र विधेय विशेषण), तुलना वाचक, गुण वाचक र संख्या वाचक, परिमाण वाचक र भेदक आदि विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ ।

- **क्रियापद**

कार्य, प्रक्रिया र अवस्था बुझाउने शब्द क्रियापद हो । क्रियाको आधार तत्त्वलाई धातु भनिन्छ । यो लिङ्ग, वचन, पुरुष, आदर जस्ता नामिक कोटिका साथै काल, पक्ष, भाव, अकरण जस्ता क्रियापदिक कोटिका आधारमा रूपायित हुन्छ । वाक्यमा नामिक शब्द (नाम, सर्वनाम, विशेषण) उद्देश्यभ एर आउछन भने क्रिया चाहिँ विधेय भएर आउँछ । वाक्य समापकताका दृष्टिले क्रियापदलाई समापिका र असामापिका वर्गमा राखिन्छ । कर्मतत्त्वका दृष्टिले क्रियाहरू अकर्मक, सकर्मक (एककर्मक र द्विकर्मक), पूरकापेक्षी हुन्छन भने संरचनाका दृष्टिले यिनलाई सरल र जटिल (संयुक्त) जस्ता वर्गमा विभाजन गर्न सकिन्छ ।

- **क्रियायोगी**

क्रियाको विशेषता जनाउने शब्दलाई क्रियायोगी भनिन्छ । यसलाई नै क्रिया विशेषण भनिन्छ । कतिपय अवस्थामा यसले विशेषण, क्रियायोगी र सिङ्गो वाक्यको विशेषता पनि जनाउन सक्दछ । क्रियायोगीले क्रियाका कार्यको स्थान, समय, रीति, कारण, मात्रा, आदि जनाउँछ । क्रियायोगी वाक्यको अनिवार्य घटक बन्दैन, ऐच्छिक घटक हुन्छ । क्रियायोगी आविकारी वर्गको शब्द भएकाले यसको रूपायान हुँदैन । यसलाई वाक्यमा कहाँ, कहिले, बस्ता, किन, कसरी आदि प्रश्नबाट पहिचान गर्न सकिन्छ ।

- **नामयोगी**

वाक्यमा नाम वा नामिक पद ( सर्वनाम र विशेषण समेत ) सँग अन्य शब्दको सम्बन्ध जनाउने प्रयोगमा आउने शब्द नामयोगी हो । यो संरचनात्मक वर्गको शब्द भएकाले कोशिय वा धारणात्मक अर्थ जनाउने नाम, विशेषण आदि शब्दको जस्तो यसको स्वतन्त्र अर्थ हुँदैन । आविकारी वर्गको शब्द भएकोले यसको रूपायान पनि हुँदैन । यो बद्ध वर्गको शब्द भएको हुँदा यसको सङ्ख्या सीमित हुन्छ । यसले सहर्थ (सँग, सित ), समय ( अगि, पहिले), स्थान (माथि, मुनि, नेर), हेतु (निम्ति का लागि), अवधि (सम्म, पर्यन्त), दिशा/कोण - (तिर, पट्टि), विनिमय (सट्टा, साटो), अभाव (विना, रहित), तुलना (भन्दा) आदि सम्बन्ध जनाउँछ । नामयोगी लिई वाक्यमा प्रयोग हुने शब्दहरूले वाक्यमा क्रियायोगीको कार्य गर्छन् । यसरी नामयोगीले आफूसँग अन्वित हुने शब्दलाई क्रियायोगी बनाउने हुन्छन् ।

- **संयोजक**

संयोजक कोशिय (धारणात्मक) अर्थ नभएको संरचनात्मक कार्य जनाउने शब्द हो । यसले वाक्यमा रहेका शब्द, पदावली र उपवाक्यलाई एकै ठाउँमा जोड्ने काम गर्छ । जस्तै ं,

किताब र  कपी, घाम र पनि पानी पनि

राम्ररी नपढेकाले र गृहकार्य पनि नबुझाएकाले......,

उसले धेरै किताब पढेर.........

डाँडाबाट तल हेर्दा ...........

जब घाम लाग्छ तब न्यानो हुन्छ । आकाशमा बादलत लाग्यो तर पानी परेन ।

संयोजकहरू सम पदिक र विषम पदिक हुन्छन् । सम पदिक संयोजकले संयुक्त वाक्य र विषम पदिकाले मिश्र वाक्य बनाउन सघाउँछन् । साथै असमापिका क्रियाले पनि संयोजकको काम एकभन्दा बढी वाक्यहरूलाई संश्लिष्ट बनाउँछ ।

- **निपात**

एक्लै प्रयोग हुँदा अर्थ नलाग्ने तर वाक्यका कुनै शब्द वा सिङ्गो वाक्यमा आश्रित हुँदा जोड, आग्रह, अनुनय, आश्वसन, सहमति, निश्चय, अनिश्चय, प्रस्ताव आदि जनाउन उपयोग हुने आविकारी शब्द निपात हुन् । यी काम तिमि नै गर । म त हिड्दै छु ।

- **विस्मयादि बोधक**

वाक्यमा आश्चर्य, हर्ष, प्रशंशा, शोक, निन्दा, घृणा, वितृष्णा, दुःख, विस्मृति, उच्छवास जस्ता मनोभाव जनाउने प्रयोग गरिने शब्द विस्मयादि बोधक हुन् । विस्मयादि बोधकमा विस्मय सूचक चिह्न (१) साथमा प्रयुक्त हुन्छ । कतिपय स्थितिमा यस्ता शब्दले सिङ्गो वाक्यको काम गर्दछन् । यस्ता शब्द प्रायः वाक्यको अगाडि आउने हुन्छन् । सीमित शब्द सङ्ख्याका आधारमा यसलाई बद्ध वर्गमा राख्न सकिन्छ । यसको पनि रूपायन हुँदैन । जस्तैः,

ज्या है ! अहो ! ऐय्या, ! हरे ! राम राम !

अँ, धत् , थुक्क

आम्मै, तिमी त कति राम्री ।

थुक्क, कस्तो बेइज्जत ।

**४.७.२.१.३ शब्दबनोट**

शब्द निर्माण प्रक्रियाबाट शब्दहरू बन्दछन । यसलाई शब्द बनोट भनिन्छ । शब्द निमाणलाई शब्दरचना वा शब्दव्युत्पादन पनि भन्ने गरिन्छ । वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा शब्दबनोट सम्बन्धी अध्ययन अध्यापन गराउने गरी पाठ्यांश कायम गरिएको छ । यस पाठ्यक्रममा 'शब्द बनोट देखाउन' भनी उद्देश्य निर्धारण गरिएको छ । यस अध्ययनका लागि तयार पारिएको प्रश्नावलीमा पनि विज्ञहरूले यसलाई पाठ्यक्रममा समावेश भएको बताएका छन भने मूल्याङ्कनका लागि भने सानो सानो अनुच्छेद दिएर शब्दको बनोट पहिल्याउन लगाउने गरी मूल्याङ्कनको व्यवस्था गरिएको भए तापनि स्नातक तहको सन्दर्भ सामग्री 'स्नातक नेपाली' मा पनि यसलाई पाठ्यविषय समावेश गरिएको छ । शब्द बनोटसम्बन्धी नियम र व्याख्या निम्नानुसार रहेको छ ।

उपसर्गद्वारा शब्दनिर्माण : आधारतत्व वा मूल शब्दका अगाडि गाँसिन आउने व्युत्पादक तत्व उपसर्ग हो । शब्दको अगाडि जोडिन आउने हुनाले यसलाई पूर्वसर्ग पनि

भनिन्छ । यस्ता उपसर्गहरू शब्दको अगाडि जोडिएपछि बनेको शब्दको अर्थ फरक हुन्छ । उपसर्ग लागेर बनेका व्युत्पन्न शब्दको रचनाप्रक्रिया निम्नानुसार हुन्छ :

| **उपसर्ग** | **रचनाप्रक्रिया** | **व्युत्पन्न शब्द** | **रचनाप्रक्रिया** | **व्युत्पन्न शब्द** |
|---|---|---|---|---|
| अधि | अधि+अक्ष<br>अधि+आत्म | अध्यक्ष<br>अध्यात्म | अधि+पति<br>अधि+नायक | अधिपति<br>अधिनायक |
| अनु | अनु+शासन<br>अनु+सन्धान | अनुशासन<br>अनुसन्धान | अनु+करण<br>अनु+गमन | अनुकरण<br>अनुगमन |
| उप | उप+भोग<br>उप+हार | उपभोग<br>उपहार | उप+चुनाव<br>उप+भोक्ता | उपचुनाव<br>उपभोक्ता |

कृत प्रत्ययद्वारा शब्दनिर्माणः

धातुका पछाडि जोडिन आउने प्रत्ययलाई कृत प्रत्यय भनिन्छ । कृत प्रत्यय लागेर बनेका शब्दलाई कृदन्त शब्द भनिन्छ । यिनीहरूको निर्माण प्रक्रिया निम्नानुसार छ ।

| **कृत प्रत्यय** | **निर्माणप्रक्रिया** | **व्युत्पन्न/कृदन्त शब्द** | **निर्माण प्रक्रिया** | **व्युत्पन्न/कृदन्त शब्द** |
|---|---|---|---|---|
| अक्कड | पिउ+अक्कड<br>बोल+अक्कड<br>बुझ्+अक्कड | पियक्कड<br>बोलक्कड<br>बुझक्कड | भुल+अक्कड<br>घुम+अक्कड<br>डुल+अक्कड | भुलक्कड<br>घुमक्कड<br>डुलक्कड |
| अत | बच्+अत<br>लाग्+अत<br>खप्+अत<br>उठ्+अत | बचत<br>लागत<br>खपत<br>उठत | आउ+अत<br>जा+अत<br>लेख्+अत | आवत<br>जावत<br>लेखत |

तद्धित प्रत्ययद्वारा शब्दनिर्माण : मूल शब्द, कृदन्त शब्द वा तद्धितान्त शब्दका पछाडी जोडिन आउने प्रत्ययलाई तद्धित प्रत्यय भनिन्छ । तद्धित प्रत्यय लागेर बनेका शब्दलाई तद्धितान्त शब्द भनिन्छ । नेपालीमा तद्भव र तत्सम तद्धित गरी दुई प्रकारका प्रत्यय छन ।
धातु व्युत्पादन : धातुको निर्माण गर्नुलाई धातु व्युत्पादन भनिन्छ । व्युत्पादन गरिएका धातुलाई व्युत्पन्न धातु वा यौगिक धातु भनिन्छ । व्युत्पन्न धातुहरूमूल धातुभन्दा भिन्न किसिमका हुन्छन । मुल धातु आफै बनेका, रुढ र अव्युत्पन्न हुन्छन भने तिनमा प्रत्यय

लगाई व्युत्पन्न धातुको निर्माण गरिन्छ । यस्ता धातुलाई नामधातु पनि भनिन्छ । धातुमा प्रत्यय लगाई अकर्मक, सकर्मक वा प्रेरणार्थक क्रिया बनाउन सकिन्छ :

| **शब्द** | **प्रत्यय** | **व्युत्पन्न धातु** | **क्रियापद** |
|---|---|---|---|
| हप्की | आउ | हप्काउ | हप्काउँछ |
| मैलो | आउ | मैलाउ | मैलाउँछ |
| फरफर | आउ | फरफराउ | फरफराउँछ |
| घोक्रो | आउ | घोक्र्याउ | घोक्र्याउँछ । |
| मात | आउ | मत्याउ | मत्याउँछ । |

**४.७.२.१.४ शब्दार्थ र शब्दहरूको प्रयोग**

**शब्द** **अर्थ**

लगानी : औपचारीक रूपमा सञ्चालित शैक्षिक कार्यक्रममा संलग्न शिक्षक, विद्यार्थी र अभिभावकका साथै प्रयुक्त समग्र पाठ्यसामग्री ।

प्रक्रिया : कक्षाकोठा भित्र र बाहिर गरिने समग्र शैक्षिक क्रियाकलाप

प्रतिफल : शिक्षणसिकाइ क्रियाकलापबाट प्राप्त सिकाइ उपलब्धी ।

मुल्याङ्कन : परीक्षा, गृहकार्य, अवलोकन, आदिद्वारा प्रतिफलको लेखाजोखा ।

ज्ञान : कुनै किसिमको बोध, शास्त्रको अध्ययनबाट प्राप्त हुने आत्मतत्त्वको बोध, ज्ञानेन्द्रियबाट प्राप्त हुने अनुभव ।

समाधि : ब्रह्मचिन्तनमा केन्द्रित हुने योगसाधनाको अन्तिम अवस्था, ईश्वरको ध्यानमा मग्न हुने अवस्था ।

ध्यान : कुनै विषय वा कार्यमा रुचिपूर्वक भएको एकाग्रता, मनमस्तिष्क एकाग्र भएको स्थिति ।

स्मृति : स्मरण, सम्झना, हेक्का ,

बुद्धि : सोचविचार गर्ने तथा निर्णय गर्न सक्ने मानसिक शक्ति ।

**शब्द** **प्रयोग**

जीवावशेष : वैज्ञानिकहरूले जीवावशेषको अध्ययन तथा अनुसन्धान गरी प्राणी र वनस्पतीको उत्पत्तिको समय निर्धारण गरेका छन् ।

निकुञ्ज: नेपालको चितवन राष्ट्रिय निकुञ्जमा विभिन्न वन्यजन्तु र चराचुरुङ्गीहरू देख्न पाइन्छ ।

निक्षेप : नेपालको वित्तीय संस्थाहरूले नागरिकको निक्षेप सङ्कलनमा जोड दिएका छन् ।

परिसंवाद : नेपालमा राष्ट्रिय सहमतीको सरकारका निर्माणका लागि विभिन्न परिसंवाद कार्यक्रमहरू संचालन गरिएका छन ।

पाचन प्रणाली : बजारमा पाइने तयारी खाद्यबस्तुमा हानिकारक, अखाद्यतत्त्वको मिश्रण गरिनाले पाचन प्रणालीमा असर परेको छ ।

बहिरङ्ग सेवा : स्वास्थ्यकर्मीहरूमाथि हातपात गर्ने प्रवृत्तिका विरुद्ध वीर अस्पतालका चिकित्सकहरूले तीन दिनसम्म अस्पतालको बहिरङ्ग सेवा बन्द गराए ।

कुपोषण : गरिब नेपालीका छोराछोरीहरू कुपोषणका कारण अकालमै मर्दछन ।

क्षेप्यास्त्र : हालसालै भारतले आणविक क्षेप्यास्त्रको सफल परीक्षण गऱ्यो ।

स्नातक तहको वर्तमान पाठ्यक्रमले नेपाली शब्दभण्डार सम्बन्धी पाठ्यवस्तुलाई सैद्धान्तिक रूपमा नभई प्रायोगिक रूपमा अध्यापन गराउनु पर्ने मान्यता राखेको छ । परीक्षामा मूल्याङ्कनका लागि निर्माण गरिएका प्रश्नहरूमा समेत सैद्धान्तिक पक्षलाई नभई प्रायोगिक पक्षलाई महफ्व दिई निर्माण गरिएको देखिएकाले शिक्षणका सन्दर्भमा अनुच्छेदबाट अभ्यास गराइ व्यावहारिक वा प्रायोगिक रूपमा शिक्षण गर्नु आवश्यक देखिन्छ ।

**४.७.३ वाक्यतत्त्वपरक रचना :**

स्नातक तहको वर्तमान नेपाली पाठ्यक्रममा राखिएका विभिन्न व्याकरणात्मक शीर्षक मध्ये वाक्यतत्त्वपरक रचना पनि एक हो । यस शीर्षकलाई स्नातक तहको अनिवार्य नेपाली विषयमा समावेश गरिएको छ । यसको शिक्षण गर्न निम्न उद्देश्यहरू रहेका छन :

- वर्णनात्मक प्रकृतिका स्वतन्त्र रचना निर्माण गर्न,
- निर्देशित रचना तयार गर्न,
- वाक्य संश्लेषण गर्न

उक्त उद्देश्यहरू प्राप्त गर्नका लागि यस पाठ्यक्रममा निम्नानुसार पाठ्य सामग्रीहरूलाई पाठ्य विषय बनाइएको छ ।

- स्वतन्त्र रचना
- निर्देशित रचना
- वाक्य संश्लेषण

स्नातक तहको पाठ्यक्रम अध्ययन गर्दा त्यसमा समावेश गरिएका व्याकरणात्मक शीर्षक र स्नातक तहको सन्दर्भ सामग्री 'स्नातक नेपाली' मा समावेश गरिएका पाठ्यवस्तुलाई समेत तुलना गर्दा वाक्यतत्वपरक रचना पाठ्यक्रम अनुरूप नै भएको पाइन्छ । यस अध्ययनका लागि तयार पारिएका प्रश्नावली र यस विषयसंग सम्बधित विज्ञसँग गरिएको अध्ययनमा समेत यो पाठ्यक्रमा अनुरूप भएको पाइन्छ । यस वाक्यतत्त्वपरक रचना शिक्षण गर्ने छुट्टै सामग्री तयार नपारी अनुच्छेदकै आधारमा छलफल, प्रश्नोत्तर तथा समूहगत कृयाकलापबाट शिक्षण गर्ने गरिएको समेत पाइएको छ । यस रचनाको मूल्याङ्कनमा भने विद्यार्थीलाई निश्चित अनुच्छेद दिएर सोहीका आधारमा वाक्यतत्त्वपरक रचनाको मूल्याङ्कन गर्ने गरिएको छ । यस शीर्षकको विस्तृत व्याख्या एवम् अध्ययन निम्नानुसार गरिएको छ ।

**४.७.३.१ लिङ्गगत आधारमा रचना**

लिङ्गगत सङ्गतिका आधारमा रचना शिक्षण गर्दा मानवीय सन्दर्भलाई मात्र मुख्यतः ख्याल गरे पुग्छ । जस्तै :

(क) सीता कक्षा पाँचमा पढ्ने एउटी असल विद्यार्थी हो । ऊ पढ्नमा निकै ध्यान दिन्छे । ऊ मेहनती पनि छे । कक्षामा दिएको काम र गृहकार्य सधैँ गर्छे । केही कुरा नबुझ्े गुरुलाई सोध्न हिचकिचाउँदिन । परेको वेला साथीलाई सहयोग गर्न पनि तम्सिन्छे । यसैले गर्दा ऊ सबैकी प्यारी पनि छे ।

**४.७.३.२ वचनगत आधारमा रचना**

वचनगत सङ्गतिका आधारमा रचना शिक्षण गर्दा विशेषता : सङ्ख्येय नाम र त्यससँग सङ्गति लिने क्रियापद, सर्वनाम, विशेषणका रूपको ख्याल गर्नु पर्छ । यहाँ वहुवचनको सङ्गतिलाई ख्याल गरीगरिएको रचना हेरौँ :

काग बिहानै गुँडबाट निस्कन्छन् । तिनीहरू चरा खोज्न धेरै टाढासम्म पुग्छन् । तिनीहरूले कुनै खतरा महसुस गरे भने काँ काँ कराएर आफ्ना साथिहरूलाई सङ्केत गर्छन् । साझमा तिनीहरू आफ्नो वासस्थान फर्कन्छन् । फर्कदा तिनले बचराका लागि केही चारा चुच्चामा च्यापेर ल्याउँछन् ।

**४.७.३.३ पुरुषगत आधारमा रचना**

पुरुषगत सङ्गतिका आधारमा रचना गर्दा प्रथम, द्वितीय र तृतीय पुरुषका रूपको प्रयोग गरिन्छ । यस अर्न्तगत वचन र आदर पनि समेटिने हुन्छन् । प्रथम पुरुषमा म, हामी,

द्वितीय पुरुषमा तँ, तिमी, तपाई र तृतीय पुरुषमा ऊ / त्यो/ यो, उनी / तिनी/ यिनी तथा वचन वा बहुवचन र आदरको तहको पनि सङ्गति (क्रियापद, विशेषण आदिमा ) मिलाई रचना गर्नु आवश्यक हुन्छ । यसका केही उदाहरणहरू :

म एउटा स्वतन्त्र मान्छे हुँ । जे उचित लाग्छ, म त्यही गर्छु । म स्वतन्त्रता मन पराउँछु । आउँदो शनिवार हामी वनभोज जाने भयौँ । यसका लागि हामीले सहरदेखी केही टाढाको रमणीय स्थल दोलाल घाट रोज्यौँ ।

तिमी परेको वेला साथीलाई पनि सहयोग गर्छौ । मान्य जनले भनेको मान्छौ । तर तिमीले मलाई चिनेका छैनौ ।

**४.७.३.४ आदरका आधारमा रचना**

तँ, तिमी, तपाई, हजुर जस्ता द्वितीय पुरुष सर्वनामले नेपालीमा आदरका विभिन्न तह रहेको दर्साउँछन् । यिनकै समानान्तर रूपमा तृतीय पुरुषमा प्रयोग हुने सर्वनाम र नामका समेत आदरको प्रयोगमा सन्दर्भ अनुसार विविधता आउँछ । यस किसिमका केही उदाहरण तलका रचनामा देख्न सकिन्छ :

आदर रहित रचना :

यस्तै हो भने तँ असफल हुन्छस् । तँ न आफू जान्दछस् न अरूले भनेको मान्दछस् । तेरो यही बानीले जीवनभर दुःख पाउँछस् ।

मध्यम आदरार्थी रचना :

उनी नेपालका प्रसिद्ध खेलाडी हुन् । उनी आफ्नो कर्ममा दत्तचित्त छन् । प्रत्यक दिन उनी तीन चार घण्टा खेलको अभ्यासका लागि समय दिन्छन् ।

उच्च आदरार्थी रचना :

अहिले बुबा पुस्तकालय जानु भएको छ । उहाँले धेरै पढ्नु भएको छ ।उहाँ विश्व विद्यालयमा पढाउनु हुन्छ ।

**४.७.३.५ कालका आधारमा रचना**

नेपालीमा रूपायनिक दृष्टिले मुख्यत : दुई काल छन् : भूत र अभूत ।

अभूत काल :

हामी भोलि घर जान्छौँ । आमाबुबालाई भेट्छौँ । गाउँका साथीहरूसँग गफगाफमा व्यस्त हुन्छौँ । उनीहरूसँग वरपरका दर्शनीय ठाउँहरूमा घुम्छौँ । मान्यजनहरूको दर्शन गर्छौं ।

इष्टमित्रकहाँ गएर रमाइलो मनाउँछौं । आमाबुबाको काम सघाउँछौं । करिब दुई हप्ताको छुट्टी सकेर फर्कन्छौं ।

भूत काल :

हामी हिजो घर गयौं । तपाई अस्ति कता जानु भएको थियो ?

**४.७.३.६ पक्षका आधारमा रचना**

क्रियाको अवस्था तथा वितरण जनाउनु पक्षको काम हो । यसले क्रियाको आन्तरिक अवस्था जनाउँछ । कालले चाहिँ बाह्य परिवेश मात्र सङ्केत गर्ने हुन्छ । अपूर्ण (दै,तै) पूर्ण (एको), अभ्यस्त (....थ्यो/थे), अज्ञात (ए+छ, ए+छन्) जस्ता रूपले कालीक रूपसँग मिसिएर पक्ष जनाउँछन् । पक्षगत आधारमा लेखिएका वर्णनात्मक तथा आख्यानात्मक रचनालाई यसरी देखाउन सकिन्छ :

**अपूर्ण पक्ष :**

चकमन्न रातमा पल्लो घरमा जेनरेटर घ्यारघ्यार गर्दै छ । छिमेकीको घरमा बिरामी बुढा पीडाले ऐयाऐया कराउँदै छन् । उनका छोरा र बुहारी सान्त्वनाका शब्द पोख्दै छन् । पर कता हो कता, कुकुर भुक्तै छ । नजिकै यतै कतै बिराला ङ्यारङ्यार गर्दै छन् । मेरो कान बज्दै छ । मलाई भाउन्न हुँदै छ ।

**पूर्ण पक्ष :**

रामले कथाको किताब किनेको थियो । उसले त्यस किताब सबै कथा पढेको थियो । कथामा आफूलाई घात परेको कुराको उसले टिपोट गरेको थियो । ती टिपोट उसले आफ्नासाथीहरूलाई देखाएको थियो र उनीहरूसँग छलफल गरेको थियो त्यसका आधारमा उसले एउटा पुस्तक समीक्षा तयार पारेको थियो ।

**अभ्यस्त पक्ष :**

पल्लो गाउँमा एउटा केटा बस्थ्यो । ऊ ज्यादै चकचक गथ्र्यो । ऊ कहिल्यै एक ठाउँमा हुँदैनथ्यो । दिनभरि डुलिरहन्थ्यो । एउटाको कुरा अर्कालाई सुनाउँथ्यो । अरूलाई कहिले नभएका झुटा कुरा पनि लगाउँथ्यो । ऊ मान्छेलाई बझाउन मजा मान्थ्यो ।

**अज्ञात पक्ष :**

रमेशले बसाइँ उपन्यास पढेछ । त्यस उपन्यासको कथा भाइलाई सुनाएछ । कथा सुनेर भाइलाई बसाइँ उपन्यास पढ्न मन लागेछ । भाइले रमेशसँग उपन्यास मागेछ । रमेशले त्यसका लागि भाइलाई पुस्तकालयमा पठाएछ ।

### ४.७.३.७ भावका आधारमा रचना

क्रियाका कार्यमा वक्ताको मनोभाव जनाउने कोटिलाई भाव (अर्थ) भनिन्छ । यस अन्तर्गत आज्ञार्थ, इच्छार्थ, सम्भावना र सङ्केतार्थ पर्दछन् । यिनलाई प्रमुखता दिई गरिएका रचना यस प्रकार हुन सक्छन् :

**आज्ञार्थ**

तँ मैले भनेको मान् । तैले पढ्न जानेको छस् कि छैनस्,भन् । जति वेला पनि नखेल्, गाउँ डुलेर समय नबिता ।

**इच्छार्थ :**

भाइ घरैमा बसोस् । आमाबुबाको हेरचाह गरोस् । खेतीपातीमा सघाओस् । घर नजिकको स्कुलमा पढोस् । घरेलु इलम सिकोस् । १२ कक्षा उत्तीर्ण गरेपछि मात्र बाहिर पढ्न जाने कुरा सोचोस् ।

**सम्भावनार्थ :**

मेरो भाई स्कुल जाला । स्कुलमा राम्ररी पढ्ला । जाँचमा सधैँ माथिल्लो श्रेणीमा उत्तीर्ण होला । उसले भविष्यमा उच्च शिक्षा हासिल गर्ला । त्यसपछि इलममा लाग्ला । इलममा लगनशील होला । गाउँको सेवामा ध्यान देला । आमाबुबालाई सुखसँग पाल्ला ।

**सङ्केतार्थक :**

- हामी गाउँमा जाऔँला । केही दिन बसौँला । त्यहाँको वस्तुस्थितिको अध्ययन गरौँला । गाउँलेसँग गाउँको विकासबारे भएका छलफलमा भाग लिऔँला । त्यहाँका समस्या र सम्भावनासँग परिचित होऔँला । तिनको विश्लेषण गरी प्राथमिकता पत्ता लगाऔँला । अन्त्यमा उनीलाई गाउँ विकासको योजना बनाउन सघाऔँला ।

### ४.७.३.८ वाच्यका आधारमा रचना

नेपाली क्रियाका तीन वाच्य हुन्छन् । तीमध्ये कर्तृवाच्य सामान्य र आधारभूत भएकाले यसको प्रयोग सामान्य वाक्य रचनामा यत्रतत्र देख्न पाइन्छ । त्यसैले शिक्षणमा अलग्गै जोड दिनु आवश्यक देखिँदैन । कर्मवाच्य र भाववाच्यको रचनाका लागि भने विशेष ख्याल गर्नु पर्ने हुन्छ । कर्मवाच्य र भाववाच्य :

- भोलि, पर्सि दुई दिन बिदा भएकोले आज घर गइन्छ । आमाले पकाएर दिएको मीठो खाना खाइन्छ । गाउँका साथीहरू भेटिन्छन् । उनीहरूसँग बसेर रमाइलो गरिन्छ । बाल्यकालको कुरा सम्झेर दङ्ङ परिन्छ । नजिकका रमणीय ठाउँमा घुमिन्छ ।

गाउँका इष्टमित्रका घरमा पुगिन्छ । गाउँघरमा फलेका मिठा फलफूल टिपिन्छ र सबै जम्मा भएर तिनको स्वाद लिइन्छ ।

- बिहान सबेरै उठियो । हातमुख भोइयो । एक छिन यताउति हिँडियो ।खाना खाइयो । बजार डुल्न गइयो । घरमा आइयो । एक छिन खेलीयो । केही समय किताब पढियो । बेलुकाको भोजन गरियो । रेडियो सुनियो । ९ बजेतिर सुतियो ।

**४.७.३.९ अकरणका आधारमा रचना**

करणको निषेधार्थी वाक्य अकरण हो । अकरणमा सामान्यत : क्रियापदमा निषेधार्थी न प्रत्यय जोडिन्छ तर यसका सथै वाक्यका केही अन्य शब्दमा पनि परिवर्तन हुन सक्छ । अकरण वाक्य रचनाले निषेधात्मक वर्णलाई प्रस्तुत गर्ने हुँदा सबै वाक्य कोटिमा यो उत्तिकै स्वाभाविक रूपमा नदेखिन सक्छ, तापनि यसको रचनालाई उदाहरणका रूपमा यस प्रकार देखाउन सकिन्छ ।

- राम आज स्कुल गएन । साथीलाई खबर पनि गरेन । शिक्षकलाई पनि केही भनेर । घर बाहिर घुम्न निस्केन । किताब पनि पढेन । घरका मान्छेसँग पनि बोल्न चाहेन । खाना खान पनि मन गरेन ।

स्नातक तहको वर्तमान पाठ्यक्रमले वाक्यतत्त्वपरक रचना सम्बन्धी पाठ्यवस्तुलाई सैद्धान्तिक रूपमा नभई प्रायोगिक रूपमा अध्यापन गराउनु पर्ने मान्यता राखेको छ । परीक्षामा मूल्याङ्कनका लागि निर्माण गरिएका प्रश्नहरूमा समेत सैद्धान्तिक पक्षलाई नभई प्रायोगिक पक्षलाई महफ्व दिई प्रश्न निर्माण गरिएको देखिएकाले शिक्षणका सन्दर्भमा अनुच्छेदबाट अभ्यास गराइ व्यावहारिक वा प्रायोगिक रूपमा शिक्षण गर्नु आवश्यक देखिन्छ

**४.७.४. सङ्कथन/पाठको संरचना :**

वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथन भनिन्छ, (न्यौपाने, भण्डारी, न्यौपाने, घिमिरे, (२०६७ : १४५) । सङ्कथन भन्नाले वाक्यभन्दा ठूलो भाषाको नटुक्रिएको एकाइ भन्ने बुझिन्छ (भण्डारी र साथीहरू (२०६८ : १२) ।

वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा व्याकरणिक शीर्षकहरू मध्ये संङ्कथन पनि एक राखिएको छ । यस शीर्षक अध्यापन गराउनुका निम्न उद्देश्यहरू समावेश गरी पाठ्यक्रमको रूपरेखा तयार पारिएको छ भने सोही तहको सन्दर्भ सामग्री ‘स्नातक नेपाली’ मा पनि यस शीर्षकलाई केही हद सम्म प्रष्ट पार्ने गरी पाठ्य विषय समावेश गरिएको छ । यसरी हेर्दा उक्त शीर्षक पाठ्यक्रम अनुसार रहेको स्पष्ट

देखिन्छ । यो अध्ययन गर्न तयार पारिएका सामग्रीहरू मध्ये प्रश्नावली तयार पारी विषय विज्ञसंग गरिएको सर्वेक्षणमा समेत यो पाठ्यक्रम अनुरूप भएको स्पष्ट हुन जान्छ । यस शीर्षक अध्ययन गर्नुको उद्देश्य निम्नानुसार छ ।

- शब्दहरूका व्याकरणिक र कोशीय संसक्ति पहिल्याउन,
- अन्तर्वाक्यात्मक अर्थविन्वति पत्ता लगाउन ।

उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्नानुसारका पाठ्यवस्तुहरू समावेश गरिएको छ ।

- व्याकरणिक संसक्ति
- कोशीय संसक्ति

यस पाठ्यक्रममा समावेश गरिएका पाठ्य सामग्रीहरू अध्यापन गर्न छुट्टै पाठ्य सामग्री नवनाई अनुच्छेदकै माध्यमबाट प्रायोगिक तवरले गर्ने गरिएको छ । अथवा यो अध्यापन गर्न छुट्टै पाठ्य सामग्री तयार गरिएको छैन र मूल्याङ्कनमा समेत यसलाई अनुच्छेदकै तवरबाट गरिने गरिएको प्रश्नावलीको जवाफबाट पाइएको छ । यस सम्बन्धी विस्तृत अध्ययन निम्नानुसार गरिएको छ ।

संसक्ति अनुच्छेदभित्रका वाक्यहरूमा भावप्रवाह सृजन ागर्ने विशिष्ट विधि हो, पाठभित्र हुने अन्तःसम्बन्ध हो । संसक्ति प्रक्रिया त्यस्तो रसायन हो जसले कुनै पाठभित्रका एकाइहरू (संवाद, मनोवाद, अनुच्छेद, वाक्य आदि) लाई एकतावद्छ गर्दछ, सुसङ्गठित बनाउँछ र पाठलाई अन्वितिपूर्ण बनाउँछ । संसक्ति सम्बन्ध स्थापनाका लागि विभिन्न एकाईलाई एकआपसमा जोड्ने सङ्कथन शब्द (डिस्कोर्स वर्ड) को आवश्यकता पर्दछ जसबाट वाक्यहरू पाठमा एकिकृत रूपमा संसक्त भएका हुन्छन् । संसक्ति व्यवस्था पनि दुई प्रकारको हुन्छ : व्याकरणिक संसक्ति र कोशीय संसक्ति ।

**४.७.४.१ व्याकरणिक संसक्ति**

व्याकरणिक संसक्तिअर्न्तगत सन्दर्भ निर्देशको अध्ययन हुन्छ । कुनै व्यक्ति, विषय वा स्थानको निश्चित सत्ता वा स्थितिलाई सूचित गरिने कार्य निदर्शन हो । म, हामी, तिमी, तपाई, तिमिहरू, उनीहरू, हामीहरू, यो, त्यो, ती, यहाँ, त्यहाँ, त्यता आदि सर्वनाम शब्दहरू निदर्शन हुन् । निदर्शनमा सार्वनामिकीकरण (प्रोनोमिनलाईजेसन), लोप (एलिप्सिस वा डिलिसन), प्रतिस्थापन (सब्स्टिच्युसन) र संयोजन (कन्ज्वाइनिङ) जस्ता प्रक्रियाको अध्ययन गरिन्छ जस्मा कुनै अनुच्छेद वा पाठ कसरी संसक्त भएको छ भन्ने कुराको अध्ययन हुन्छ ।

**क. सार्वनामिकीकरण :**

अनुच्छेदभित्रको कुनै व्यक्तिवाचक तथा स्थानवाचक नामलाई पटक पटक प्रयोग गर्दा हुने नीरसताको अन्त्यका लागि त्यस्ता नामका सट्टामा सर्वनामको प्रयोग गर्नु सार्वनामिकीकरण हो । यस प्रकारका सार्वनामिकीकरण प्रक्रियाले अनुच्छेदको एउटा वाक्यलाई अर्को वाक्यसित जोडेर आर्थी सम्बन्धलाई ससक्त तुल्याउने हुनाले सङ्थन विश्लेषणमा यस प्रकारका निदर्शनको कार्य र भूमिकाको व्याख्या गरी कृतिगत अर्थ निकालिन्छ । अनुच्छेदका वाक्यहरूको कर्ता र क्रियाका बिचमा लिङ्ग, वचन र पुरुषका आधारमा संङ्गतिगत सम्बन्ध पाइन्छ । सर्वनाम उनी तथा उनले पदहरूको सम्बन्ध क्रियापदसित रहेको छ । पहिलो वाक्यमा र अर्को वाक्यका बिचमा वाक्यात्मक संसक्ति सम्बन्ध रहेकाले अनुच्छेदको सङ्गठन सुदृढ छ । पहिलो वाक्यमा आएको देवकोटाको निरन्तरतालाई पछिल्ला वाक्यहरूमा आएका उनी तथा उनले जस्ता सर्वनामले बुझाएका छन् । यसलाई सार्वनामिकीकरण संसक्ति सम्बन्ध भनिन्छ :

*देवकोटा नेपाली साहित्यका राम्रा कवि हुन् । उनले थुप्रै कविता, गजल, मुक्तक र खण्डकाव्य लेखेका छन् । उनदे आफ्ना कविता कृतिमा प्रणयका भाव व्यक्त गरेका छन् । त्यसैले उनले युवा पुस्तालाई भरपुर मनोरञ्जन दिएका छन् । उनी नेपाली प्रकृतिको सुन्दर चित्र उतार्न पनि सिपालु छन् । उनले प्रकृतिक जगत्बाट बिम्ब र प्रतीकहरू टिपेका छन् । उनले कवितालाई बिम्बमय बनाएका छन् । उनी छोटा र मिठा कविता लेख्छन् । त्यसैले उनी नेपाली साहित्यका लोकप्रिय कवि बनेका छन् ।*

**ख. लोप वा विलोपन :**

कुनै एक अनुचछेदभित्रका वाक्यमा भएको एकै नाम, क्रिया आदिको पटक पटक प्रयोग नगरी अध्याहारबाट तिनको अर्थसंगति कायम हुन सक्ने स्थिति भएमा दोहोरिएका संरचनाको लोप गर्नु लोप वा विलोपन प्रक्रिया हो । यसमा कतिपय स्थितिमा सहायक क्रियाको लोप हुन्छ भने कतिपय स्थितिमा कर्ता, कर्म वा पूरकका रूपमा रहेको नाम पदको लोप भएको हुन्छ । अगाडि प्रयोग भएको शब्दको आर्थी सम्बन्धगत सङ्गति रहिरहन सक्ने सिथितिमा लोप प्रक्रियाको प्रयोग हुन्छ । उदाहरणका लागि तल दिइएको अनुच्छेद हेरौं :

*अघिल्लो हप्ता हामीहरू पेखराबाट काठमाडौं घुम्न गयौं । भ्रमणका क्रममा काठमाडौंका विभिन्न ठाउँहरू घुम्यौं । पशुपतिनाथ, कृष्णमन्दिर, स्वयम्भू, जावलाखेल गयौं । पाँच दिनपछि फर्कियौं । फर्कंदा बाह्रबिसे आइपुगेर खाजा खायौं ।*

माथि दिइएको अनुचछेदका पहिलो वाक्यमा कर्ता हामी रहेको छ । वाक्य २-४ को कर्ता देखएको छैन तर यी वाक्यको कर्ता पनि हामी नै हो । यहाँ वाक्य २-४ कर्ता हामीको लोप भएको मात्र हो ।कर्ताको लोप भए तापनि कर्ताको स्वतः अध्याहार हुने भएकाले अनुच्छेदका वाक्यहरू एकअर्कामा संसक्त छन् । लुप्त कर्ताको अस्तित्वका आधारमा यो अनुच्छेद संसक्त छ । सबै कार्यहरूको कर्ता हामी नभएको भए वाक्यहरू एकअर्कामा अन्वित बन्ने थिएनन् र अनुच्छेद संसक्त बन्ने थिएन । वास्तवमा माथिको अनुच्छेद तल दिइएको अनुच्छेदका रेखांकित सर्वनामको लोपबाट बनेको हो :

*अघिल्लो हप्ता हामीहरू पेखरबाट काठमाडौं घुम्न गयौं । भ्रमणका क्रममा हामीहरू काठमाडौंका विभिन्न ठाउँहरू घुम्यौं । हामीहरू पशुपतिनाथ, कृष्णमन्दिर, स्वयम्भू, जावलाखेल गयौं । हामीहरूपाँच दिनपछि फर्कियौं । फर्कंदा हामीहरूले बाह्रबिसे आईपुगेर खाजा खायौं ।*

तलको अनुच्छेदमा चौथो वाक्यपछिका वाक्यहरूमा कर्ताको प्रयोग भएको छैन तर कर्ताको सम्बन्धगत निरन्तरता रहिरहेको छ । वास्तवमा यी वाक्यहरूको कर्ताका रूपमा आएको सर्वनाम तिमीको लोप भएको छ । यसलाई व्याकरणिक संसक्तिका रूपमा प्रयोग हुने विलोपन प्रक्रिया भनिन्छ ।

*अघिल्लो हप्ता तिमीहरूशैक्षिक भ्रमणमा गयौ । तिमीहरू काठमाडौं हुदैं तातोपानीसम्म पुग्यौ । भ्रमणका क्रममा तिमीहरूले माठमाडौंका विभिन्न ठाउँहरू घुम्यौं । तिमीहरू पशुपतिनाथ, कृष्णमन्दिर, स्वयम्भू, जावलाखेल गयौ । काठमाडौंबाट अगाडि बढेर इन्द्रावतीको बहावलाई हेरेर आनन्द मान्यौ । बाह्रबिसेमा पगेर खाजा खायौ । बाटोमा बन्जिजम्प गरेको पनि हेर्‍यौ । तातोपानीको मितेरी पुलमा उभिएर नेपालको र चिनका बिचको अन्तर तुलना गर्‍यौ । खासामा पसी आफूलाई चाहिने सामानहरू किन्यौ । पाँच दिनको यात्रा पूरा गरी पोखरा फर्कियौ ।*

**ग. प्रतिस्थापन** :

कुनै पहिले भनिएको कथन, कार्य, घटना विवरण आदिको पुरुक्तिका सट्टा त्यसका ठाँउमा त्यही वस्तु वा विषयलाई बुझाउने गरी अर्को विशिष्ट शब्दको प्रयोगलाई प्रतिस्थापन भनिन्छ । प्रतिस्थापनबाट कथनमा संक्षिप्तता मात्र नभई एक वाक्य र अर्को वाक्यका विचमा अभिव्यक्तिगत अन्तः संगतिको सृजनासमेत हुन्छ र अनुच्छेद सबलिकृत र संसक्त समेत हुन्छ । प्रतिस्थापनमा कुनै एक वा एक भन्दा बढी वाक्य मात्र नभएर एकभन्दा

बढी वाक्यात्मक संरचना वा अनुच्छेद नै पनि प्रतिस्थापित हुन्छ । यस्ता प्रतिस्थापनक पद वा पदावलीहरूले कुनै एक वाक्य वा वाक्यसमूहलाई प्रतिस्थापित गरी पाठगत अर्थलाई संसक्त तुल्याएका हुन्छन । यसमा यस्तो, त्यही, यति, त्यसो, गरेर त्यसो हुनाले आदि प्रतिस्थापकका रूपमा आउँछन् ।

**घ. संयोजन :**

अनुच्छेदमा एक भन्दा बढी बिचार, पक्ष वा विषय हुन सक्छन् र तिनका बिचमा सकारात्मक तथा नकारात्मक, अनुकुल तथा प्रतिकुल, सहबोधक तथा विपरितताबोधक, प्रयोजन, जस्ता परस्पर अन्तरविरोधी विषय पनि आउँछन । यसमा विकल्प, विरोध, परिणाम, व्यतिरेक आदिलाई बुझाउने सङ्कथन शब्दहरूले पाठलाई संसक्त तुल्याएका हुन्छन ।

**ङ. विकल्पवाचकता** :

अनुच्छेदमा विकल्पबोधक बिषयको प्रस्तुती हुन्छ र त्यस्ता विकल्पबोधक विषयका वा या, अथवा, कि, किवा, जस्ता सङकथन शब्दबाट जोडिएका हुनाले अनुच्छेद वा पाठ संसक्त बन्दछ ।

**विरोधसूचकता** :

च. एकै अनुच्छेद भित्र विरोध जनाउने बिषयको प्रस्तुति हुन्छ तर त्यस्ता विरोधसूचक विषयलाई तर, किन्तु, परन्तु, तापनि, हुनत, यद्यपि, तथापि, इत्यादि जस्ता सङ्कथन शब्दको संसक्त तुल्याएका हुन्छन ।

**छ. व्यतिरेकवाचकता :**

अनुच्छेदमा दुई विचार वा दृष्टिकोणका बिच व्यतिरेक हुने स्थितिमा व्यतिरेकबोधक सङ्कथन शब्दले तिनलाई संसक्त तुल्याएका हुन्छन । यस्ता शब्दमा वा, तापनि, तैपनि, पनि, र पनि, हुनत, तापनि, यद्यपि, तथापि आदि आउँछन ।

**ज. परिणामवाचकता :**

अनुच्छेदमा कारणको प्रस्तुतिपछि त्यसको परिणामको प्रस्तुति हुन्छ । त्यस्ता कार्य र परिणामका बिचको संसक्ति स्थापना गर्ने सङ्कथन शब्दहरू तसर्थ, यसर्थ, किनभने, अतः, एवं, कति ....... भने, यति ........ कि, ....... का अनुसार यही रूपमा त्यसैले, परिणाम स्वरूप, अन्ततः आदि हुन ।

**झ. कारणवाचकता :**

अनुच्छेदमा कुनै कार्यको उल्लेखपछि त्यस कार्यको आधार प्रस्तुत गर्न सकिन्छ । यस क्रममा कार्य र त्यसको कारणका विचमा सम्बन्धगत संसक्तिको अनिवार्यता रहन्छ । यस अवस्थामा संसक्ति सम्बन्ध सृजनाका लागि किनभने, किनकि, भनेदेखि, जेले, यसकारण, त्यसकारण, आदि सङ्कथन शब्द आउँछन ।

**ञ. संकेतसूचकता :**

अनुच्छेदमा कुनै कारण भएमा त्यसको परिणाम हुने र कारण नभएमा परिणाम नहुने जस्ता स्थितिको प्रस्तुति हुन्छ । यस स्थितिमा यही.........भने,, यद्यपि जस्ता सङ्कथन शब्दले संसक्ति सम्बन्ध स्थापित गर्दछ ।

**ट. रीतिवाचकता :**

कुनै कार्यको सूचनापछि त्यो कार्य कुन रूपमा सम्पन्न भएको हो, त्यस कार्यको ढाँचा के कस्तो हो भन्ने कुराको जानकारीसहित अन्य सम्बद्ध कार्यको ढाँचा दिई त्यसका माध्यमबाट उक्त कार्यबारे प्रकाश पारिन्छ । यस क्रममा कुनै सूचना र त्यससँग सम्बद्ध अतिरिक्त सहधर्मी सूचनाका बिचमा संसक्ति सम्बन्ध स्थापनाका लाग मानौं, यसरी, कसरी भने जसरी ...... त्यसरी जस्ता सङ्कथन शब्द वा संयोजी शब्द आउछन । कुनै पनि पाठमा प्रयोग भएका यस प्रकारका संयोजी शब्दको प्रकार्य कृतिगत अर्थका रूपमा कसरी स्थापित भएको छ भन्ने कुराको व्याकरणात्मक संसक्ति अवस्थाको अध्ययन अन्तर्गत गरिन्छ ।

**४.७.४.२ कोशीय संसक्ति**

कुनै पाठमा आउने पद, पदावली र वाक्यहरू कुने एक विषयमा केन्द्रित भएका हुन्छन, तिनीहरूका बिचमा निश्चित सन्दर्भगत सम्बन्ध हुन्छ र शाब्दिक एकाइको मेलबाट पाठमा एकत्व स्थापित भएको हुन्छ । कुनै पाठमा प्रयोग भएका शब्दहरूको पारस्परिक शृङखला र शब्द साहचर्यका आधारमा सङ्कथनको अर्थ स्पष्ट हुन्छ । सङ्कथनमा एकै अर्थी सम्बन्धमा उनिएका, एकै प्रकृतिका, एकात्मक अर्थका सहयोगी हुने शाब्दिक एकाइले अनुच्छेदलाई ससक्त तुल्याएका हुन्छन । यसलाई कोशीय संसक्ति भनिन्छ । शाब्दिक संसक्ति अन्तर्गत मुलत : पुनरावृत्ति, समानार्थकता, विपरितार्थकता, अधिकार्थकता, शब्दशृंखला आदि आउँछन ।

कुनै अनुच्छेद, गद्यांश वा पाठभित्र शब्दहरूको आवृत्ति हुन सक्छ ।
विषयवस्तुमाथिको विशेष केन्द्रितताका लागि, अर्थमाथि विशेष जोडका लागि, आर्थी केन्द्रको

सृजनाका लागि शब्द तथा पदाबलीको आवृत्ति अर्थपूर्ण हुन्छ । यस प्रकारको आवृत्तिबाट समग्र अनुच्छेद, गद्यांश वा पाठ विषयकेन्द्रि बन्छ र आवृत्ति नभए पनि समान अर्थ दिने पद वा पदावलीले पनि अभिव्यक्तिलाई संसक्त तुल्याउँछन । सोही पद वा पदावलीको आवृत्ति नभए पनि समान अर्थ दिने अर्थका बिच संसक्ति सृजना गर्दछन । यसमा विपरीतताबोधक सन्दर्भले विषयमाथि प्रकारान्तर रूपमा प्रकाश पार्ने हुँदा यस्ता शब्दको संसक्ति सृजनाका लागि महफ्व हुन्छ । यसै गरी अधिकार्थक शब्दले सन्दर्भलाई सूचित गर्दछन र अर्थका विभिन्न स्तरमाथि प्रकाश पार्दछन । यसमा अधिकार्थक शब्दले आर्थी सम्बन्धन कायम गरी दिने वा उस्तै अर्थ दिने, साहचर्यका रूपमा आउने शब्दहरूको शृंखला पनि रहेको हुन्छ । यसरी आउने शब्द शृंखलाले अनुच्छेद गद्यांश वा पाठलाई संसक्त तुल्याएका छन ।

अनुच्छेद भित्रका वाक्यहरूका बिचमा अन्तः सम्बन्ध स्थापित भए जस्तै कुनै सङ्कथनभित्रका अनुच्छेदहरू पनि यसै गरी एक अर्कामा तार्किक रूपमा संयोजित भएका हुन्छन । अनुच्छेद अनुच्छेदका बिचको यस्तो सम्बन्धनबाट समग्र संकथनका बिच तार्किक एकत्व रहेको हुन्छ । अनुच्छेद संरचनामा जस्तै मनोवादात्मक तथा संवादात्मक संरचनाको र त्यसभन्दा पनि माथिको अध्याय, प्रकरण र समग्र पाठमा भएका एकाइहरूको यसै गरी अन्तःसम्बद्धता, अन्विति र संसक्तता सम्बन्ध रहेको हुन्छ ।

स्नातक तहको वर्तमान पाठ्यक्रमले सङ्कथन/पाठको रचना सम्बन्धी पाठ्यवस्तुलाई सैद्धान्तिक रूपमा नभई प्रायोगिक रूपमा अध्यापन गराउनु पर्ने मान्यता राखेको छ । परीक्षामा मूल्याङ्कनका लागि निर्माण गरिएका प्रश्नहरूमा समेत सैद्धान्तिक पक्षलाई नभई प्रायोगिक पक्षलाई महफ्व दिई प्रश्न निर्माण गरिएको देखिएकाले शिक्षणका सन्दर्भमा अनुच्छेदबाट अभ्यास गराइ व्यावहारिक वा प्रायोगिक रूपमा शिक्षण गर्नु आवश्यक देखिन्छ ।

स्नातक तहको वर्तमान पाठ्यक्रमले सङ्कथन/पाठको संरचनासम्बन्धी पाठ्यवस्तुलाई सैद्धान्तिक रूपमा नभई प्रायोगिक रूपमा अध्यापन गराउनु पर्ने मान्यता राखेको छ । परीक्षामा मूल्याङ्कनका लागि निर्माण गरिएका प्रश्नहरूमा समेत सैद्धान्तिक पक्षलाई नभई प्रायोगिक पक्षलाई महफ्व दिई प्रश्न निर्माण गरिएको देखिएकाले शिक्षणका सन्दर्भमा अनुच्छेदबाट अभ्यास गराइ व्यवहारिक वा प्रायोगिक रूपमा शिक्षण गर्नु आवश्यक देखिन्छ ।

## ४.८ स्नातक तहको विगत र वर्तमान व्याकरणात्मक पाठ्यक्रमको भिन्नता

स्नातक तहको विगतको अनिवार्य नेपाली विषयको पाठ्यक्रम कोड नं. (२०१) र वर्तमान अनिवार्य नेपाली विषयको पाठ्यक्रम कोड नं. (३०१) मा निम्नानुसारको भिन्नता रहेको छ ।

### ४.८.१ विगतको नेपाली विषयको पाठ्यक्रम

त्रिभुवन विश्वविद्यालयले वि.सं. २०५३ सालदेखि लागु गरेको तीनबर्षे स्नातक तहको पाठ्यक्रम परिमार्जन गर्ने क्रममा वि.सं. २०६५ सालमा संशोधन भएको थियो । यस पाठ्यक्रममा विगतमा भएका व्याकरणका सैद्धान्तिक पक्षहरूलाई हटाइ क्रमश तिनीहरूलाई प्रायोगिक बनाउने तर्फ जोड दिएको पाइन्छ । यस पाठ्यक्रममा निम्न शीर्षकहरू तय गरीसोको पठनपाठन गराउने लक्ष्य राखिएको थियो ।

एकाइ १ नेपाली अक्षर संरचना

एकाइ २ नेपाली वर्ण विन्यास

एकाइ ३ शब्द वर्ग

एकाइ ४ शब्द निर्माण र सन्धि

एकाइ ५ शब्द रूपायन

एकाइ ६ वाक्यतत्त्वपरक रचना

एकाइ ७ वाक्यान्तरण

एकाइ ८ वाक्य संश्लेषण

उक्त पाठ्यविषयहरू समावेश गरी यो पाठ्यक्रमलाई व्यवहारिक तथा प्रायोगिक बनाएर शिक्षण गर्ने लक्ष्य भएता पनि पूर्ण रूपमा यो सैद्धान्तिक तर्फ नै आकर्षित भएको भनि यस विषय अध्यापन गराउनु हुने प्राध्यापकज्यूहरूको मूल्याङ्कन रहेको पाइएको छ । यस अनुसन्धानमा सोधिएका प्रश्नहरूको जबाफमा व्यवहारिक भन्दा सैद्धान्तिक भएको निष्कर्ष पाइन्छ । उहाँहरूको विस्तृत जवाफ अनुसुचीमा राखिएको छ ।

### ४.८.२ वर्तमान स्नातह तहको नेपाली विषयको पाठ्यक्रम

स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रम संशोधन गर्ने क्रममा वि.सं २०६९ सालमा पुनः परिमार्जन भई वर्तमान पाठ्यक्रम लागु गरिएको छ । यस पाठ्यक्रममा विगतको पाठ्यक्रम भन्दा बढी व्यवहारिक वा प्रायोगिक बनाएर मानक भाषाको विकास

गर्ने लक्ष्य यस पाठ्यक्रमले अपेक्षा गरेको छ । सो लक्ष्य पुरा गर्न यस पाठ्यक्रममा निम्न पाठ्य विषयहरू समावेश गरिएको छ ।

एकाइ १ अक्षरीकरण र वर्ण विन्यास

एकाइ २ नेपाली शब्दभण्डार

एकाइ ३ वाक्यतत्त्वपरक संरचना

एकाइ ४ सङ्कथन/पाठको संरचना

वर्तमान पाठ्यक्रममा उक्त पाठ्यविषय समावेश गरीस्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रम तयार पारिएको छ । यस पाठ्यक्रमले विद्यार्थीहरूको भाषिक सीप विकास गर्न विगतको पाठ्यक्रमले विद्यार्थीहरूको भाषिक सीप विकास गर्ने विगतको पाठ्यक्रममा भएका कमी कमजोरीलाई मध्य नजर गरी यो पाठ्यक्रम तयार भएको पाइन्छ । यस पाठ्यक्रमले सैद्धान्तिक पक्षभन्दा प्रायोगिक पक्षलाई समेटेको पाइन्छ । यस अनुसन्धानमा राखिएका प्रश्नावलीको जवाफमा सम्बन्धित विषय विज्ञहरूले विगतको भन्दा यो पाठ्यक्रम प्रायोगिक रहेको बताएको छन । सो को पूर्ण जानकारी अनुसुचीमा समावेश गरिएको छ । यसरी दुवै पाठ्यक्रमको अध्ययन गर्दा विगतको भन्दा वर्तमानको पाठ्यक्रम व्यवहारिक रहेको पाइन्छ विगतको पाठ्यक्रम र वर्तमान पाठ्यक्रमका भिन्नताहरू निम्नअनुसार रहेका छन ।

## ४.९ व्याकरण शिक्षणका समस्याहरू

व्याकरण शिक्षणको मुख्य उद्देश्य भाषाका भाषिक सीपहरूको विकास गराउनु हो । ती सीपहरूको विकास गर्न शिक्षणलाई प्रायोगिक तथा व्यवहारिक बनाउन आवश्यक हुन्छ । व्याकरणले भाषालाई शुद्ध बनाउन सहयोग गर्ने भएकोले यसलाई शिक्षण गर्दा प्रभावकारी रूपले अगाडी बढाउनुपर्ने हुन्छ । तर हाम्रो समय, साधन र स्रोतहरूको परिधीमा रहेर शिक्षण गर्दा विभिन्न किसिमका समस्याहरू देखिन्छन । ती समस्याहरूले गर्दा व्याकरणलाई सहज रूपमा प्रभावकारी बनाउन कठिन रहेको हुन्छ । यस विषयमा अध्ययन गर्न बनाइएको प्रश्नावलीमा गरिएको प्रश्नमा समेत व्याकरण शिक्षणका समस्याहरू देखाइएको छ । तीनै समस्याहरूले गर्दा व्याकरणलाई व्यवहारिक र प्रायोगिक बनाउन सकिएको छैन । यस अध्ययनमा व्याकरण शिक्षणका निम्न समस्याहरू रहेको पाइएको छ :

- संक्रमण कालमा झैं परम्परागत र नवीन प्रयोगको तनावले व्याकरण शिक्षणमा अन्यौलता भएको छ ।

- दोस्रो भाषाका विद्यार्थीहरूमा व्याकरण सम्बन्धी नियम पालनामा समस्या देखिएको छ ।
- व्याकरण अभ्यासात्मक भएको तर विद्यार्थीसँग पाठ्यपुस्तक नभएको ।
- विद्यार्थीको स्तरहिनता
- वर्ण विन्यासमा अनेकरूपता
- आधिकारीक पाठ्यसामाग्री नपाइनु
- शैक्षणिक व्याकरणको अभाव रहनु
- प्रयोगात्मक सुझको अभाव

वर्तमान स्नातक तहको व्याकरण शिक्षणमा उक्त समस्याहरू रहेको बताइन्छ ।

व्याकरणात्मक पाठ्यवस्तुका गुणात्मक पक्षहरू

वर्तमान स्नातक तहको पाठ्यवस्तुमा के के गुणात्मक पक्षहरू भनि सोधिएको प्रश्नमा विज्ञहरूको नजरमा निम्न अनुसारका गुणात्मक पक्षहरू भएको पाइन्छ ।

## ४.१० व्याकरणात्मक पाठ्यवस्तुमा गुणात्मक पक्षहरू

भाषालाई स्तरीय बनाउन तथा मानकीकरण गर्न व्याकरणको सहायता लिन व्याकरणले भाषालाई सहज रूपमा शिक्षण गर्न सहायता गर्दछ । मातृभाषी विद्यार्थीलाई मातृभाषाको सहायताबाट दोस्रो भाषा शिक्षण गर्न समेत सहज मात्र नभई मानकीकरण गर्न समेत सकिन्छ । भाषाका भाषिक सीपहरू प्राप्त गर्न यसले पूर्णरूपमा सहयोग पुऱ्याउने गर्दछ । यसरी भाषासँग प्रत्यक्ष सम्पर्क राख्ने यस पाठ्यवस्तुले भाषालाई डोऱ्याउने गर्दछ । यो भाषाको महफ्वपूर्ण पक्ष भएकाले यसका निम्नानुसारका गुणात्मक पक्षहरू रहेका छन :

- भाषालाई जटिलताबाट सरलता तर्फ लैजाने प्रयत्न गर्नु ।
- नेपाली भाषालाई साझा सम्पर्कको भाषाको रूपमा अझ परिष्कृत पार्न ।
- विद्यार्थी केन्द्रित शिक्षण पद्दतिलाई प्राथमिकता दिइएको ।
- भाषामा प्रयोग हुने भाषिक अभिव्यक्तिलाई समेटिएको ।
- सैद्धान्तिक भन्दा प्रायोगिक पक्षमा बढि केन्द्रित रहेको ।
- प्रयोगका आधारमा व्याकरणको पहिचान हुने ।
- निगमन भन्दा आगमनको आधारमा बढी प्राथमिकता रहेको ।

स्नातक तहको पाठ्यवस्तुमा उक्त गुणात्मक पक्षहरू समावेश रहेको पाइएको छ

## ४.११ व्याकरणात्मक पाठ्यवस्तुका ऋणात्मक पक्षहरू

भाषा शिक्षण एक महफ्वपूर्ण पक्ष हो । भाषाको शिक्षणले विद्यार्थीको भाषिक सीप आर्जन गर्न सहायता प्रदान गर्दछ । भाषा विचार आदानप्रदान गर्ने एक महफ्वपूर्ण माध्यम हो । व्याकरण शिक्षण गर्दा भाषाको मानकीकरणमा पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसरी व्याकरणले भाषा शिक्षणमा टेवा पुऱ्याएको हुन्छ, तर यति महफ्वपूर्ण विषय भएता पनि यसमा निकै कठिनाइहरू रहेका छन । व्याकरणले पाठ्यवस्तु निर्माण गर्दा विभिन्न क्षेत्रसँग विचार आदानप्रदान तथा सुझाव अनुसार निर्माण गरिएको हुन्छ । तथापि यसले सबै क्षेत्र, वर्ग तथा अवस्थामा सकारात्मक मात्र नभइ नकारात्मक पनि हुने गर्दछ । यस अध्ययनमा देखिएका वर्तमान स्नातक तहको पाठ्यवस्तुमा निम्न अनुसारका ऋणात्मक पक्षहरू रहेका छन ।

- वर्ण विन्यासमा भएको परिवर्तनले अन्यौलको अवस्था
- नव प्रविधि शब्दहरूलाई कसरी प्रयोग गर्ने स्पष्ट जानकारीको अभाव
- अल्छी विद्यार्थीको लागि यो पाठ्यसामाग्री अनुपयुक्त भएको ।
- सूचनात्मक बढी हुँदा अन्यौलको अवस्था
- सन्दर्भ सामाग्री विद्यार्थीलाई भन्दा शिक्षकलाई बढि उपयोगी भएको ।

उक्त ऋणात्मक पक्षहरू रहेको विज्ञद्वारा जवाफमा पाइएको छ ।

## ४.१२ शिक्षण विधि

शिक्षा दिने तरिका वा परिपाटी शिक्षण विधि हो, शर्मा (२०६३ : १२४५) । कसरी शिक्षा दिने भन्ने कुराको चाँजो नै शिक्षण विधि हो ।

यो भन्दा अगाडिको पाठ्यक्रमले विशेष गरेर निगनात्मक शिक्षण विधिलाई अगाडि ल्याएको पाईन्छ । यस विधिबाट शिक्षण गर्दा विद्यार्थी भन्दा शिक्षक बढि क्रियाशिल रहेको पाइन्छ भने वर्तमान पाठ्यक्रमले प्रायोगिक तबरबाट शिक्षण गर्न निर्देश गरेको छ । वर्तमान पाठ्यक्रमले कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजनाकार्य दिएर अभ्यास गराई निर्माणात्मक मूल्याङ्कन गर्ने गरेको पाइन्छ भने यो भन्दा अगाडिको पाठ्यक्रमले निर्णयात्मक मूल्याङ्कन पद्धतिलाई अपनाएको पाइन्छ । वर्तमान पाठ्यक्रमले प्रायोगिक तबरबाट शिक्षण गर्ने सङ्केत गरेको छ ।

## ४.१३ मूल्याङ्कन पद्धति

विगतको पाठ्यक्रम र वर्तमानको पाठ्यक्रम मूल्याङ्कन गर्नलाई वार्षिक परीक्षा प्रणाली अपनाएको छ । दुवै पाठ्यक्रमले लिखित परीक्षाको माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइन्छ ।

विगतको मूल्याङ्कन पद्धतिमा १०० पूर्णाङ्कको प्रश्न निर्माण गरी मूल्याङ्कन गर्ने गरेको पाइयो । जसमा व्याकरणका समस्यालाई सोभै प्रस्तुत गरी मूल्याङ्कन गर्ने गरेको पाइयो । यस पद्धतिमा प्रायोगिक भन्दा सैद्धान्तिक पक्षलाई महफ्व दिइएको पाइयो । यस मूल्याङ्कन सम्बन्धी विज्ञको रायमा समेत सैद्धान्तिक पक्ष नै बलियो भएको ठहर छ ।

वर्तमान स्नातक तहको पाठ्यक्रमले मूल्याङ्कन गर्न १०० पूर्णाङ्कको प्रश्नपत्र तयार गरी बार्षिक परीक्षा प्रणाली नै अपनाइएको छ । यस पाठ्यक्रमले तय गरेअनुसार सोभै प्रश्न नदिएर पाठ्यक्रमले तय गरेअनुसार सोभै प्रश्न नदिएर अनुच्छेद दिइ त्यसै अनुच्छेदको माध्यमबाट विद्यार्थीलाई मूल्याङ्कन गर्ने गरेको पाइन्छ । मूल्याङ्कन गर्दा व्याकरणात्मक विधालाई पनि अनुच्छेदकै माध्यमबाट मूल्याङ्कन गर्ने गरी सैद्धान्तिक पक्ष भन्दा प्रायोगिक पक्षलाई ध्यान दिइएको पाइन्छ । मूल्याङ्कन सम्बन्धीसम्बन्धित विज्ञलाई सोधिएको प्रश्नमा पनि प्रायोगिक रहेको भन्ने उत्तर दिएका छन ।

विगतको पाठ्यक्रम भन्दा वर्तमानको पाठ्यक्रम बढी प्रायोगिक रूपमा रहेको पाइन्छ । विगतको पाठ्यक्रमले निर्धारण गरेका व्याकरणात्मक पाठ्यविषयलाई नै वर्तमान पाठ्यक्रमले पनि पाठ्यविषयमा समावेश गरेको छ । तर विगतको पाठ्यक्रममा भएका सबै व्याकरणात्मक पक्ष नभई केही परिमार्जन तथा संशोधन गरी वर्तमान पाठ्यक्रममा समावेश गरेको पाइन्छ । विगतको पाठ्यक्रमले व्याकरणात्मक पक्षलाई एकाइ चार सम्म विभाजन गरी पाठ्यवस्तु निर्धारण गरेको छ । विगतको पाठ्यक्रमले सैद्धान्तिक पक्षमा जोड दिएको छ भने वर्तमान पाठ्यक्रमले प्रायोगिक पक्षलाई जोड दिएको छ ।

**क. विगत र वर्तमान प्रश्नपत्र ढाँचाको तुलना (व्याकरणात्मक पक्षको)**

स्नातक तहको अनिवार्य नेपाली विषयको मूल्याङ्कन प्रणालीमा १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरी वार्षिक परीक्षाबाट मूल्याङ्कन गर्ने गरिएको छ । तर यो अध्ययन व्याकरणात्मक पाठ्यक्रमको मात्र भएकोले व्याकरणात्मक पक्षको मात्र तुलना गरिएको छ ।

### अ. विगतको मूल्याङ्कन प्रणाली

विगतको मूल्याङ्कन प्रणालीमा १०० अङ्कभारको प्रश्नपत्र बनाई मूल्याङ्कन गर्ने गरिएको थियो । सो प्रश्नपत्रमा वस्तुगत प्रश्नहरू समावेश नगरिएको पाइन्छ । विगतको मूल्याङ्कनमा व्याकरण पक्षको मूल्याङ्कनमा ४० अङ्कभारको प्रश्न निर्माण गरि प्रश्न निर्माण गरि मूल्याङ्कन गरिएको पाइन्छ । यसलाई निम्नानुसार अङ्कभार छुट्याइएको पाइन्छ :

| क्षेत्र | अङ्कभार |
|---|---|
| नेपाली अक्षर संरचना | ५ |
| नेपाली शब्दको वर्णविन्यास | ५ |
| शब्दवर्ग | ५ |
| शब्द निर्माण र सन्धि | ५ |
| शब्दरूपायन | ५ |
| वाक्यतत्त्वपरक रचना | ५ |
| वाक्यान्तरण | ५ |
| वाक्य संश्लेषण | ५ |
| जम्मा | ४० |

### आ. वर्तमान मूल्याङ्कन प्रणाली

वर्तमान स्नातक तहको मूल्याङ्कन प्रणालीमा १०० अङ्कभारको प्रश्नपत्र निर्माण गरी वार्षिक परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने गरिएको छ । यस मूल्याङ्कनमा १० अङ्कभारको बस्तुगत प्रश्नहरू निर्माण गरी निर्णयात्मक मूल्याङ्कन गरिएको छ भने ९० अङ्कभारको विषयगत प्रश्न निर्माण गरी मूल्याङ्कन गरिँदै आएको छ । यस अध्ययनमा व्याकरण पक्षको मात्र अध्ययन भएकोले यहाँ व्याकरणको मात्र मूल्याङ्कन पद्धति देखाइएको छ ।

| क्षेत्र | अङ्कभार |
| --- | --- |
| अक्षरीकरण र वर्णविन्यास | ५ |
| नेपाली शब्दभण्डार | १० |
| वाक्यतत्त्वपरक रचना | १० |
| सङ्कथन/पाठको संरचना | ५ |
| जम्मा | ३० |

विगतको मूल्याङ्कनमा व्याकरणात्मक पक्षको अङ्कभार ४० थियो भने वर्तमानको मूल्याङ्कनमा व्याकरणात्मक पक्षको अङ्कभार ३० मात्र रहेको छ । विगतको भन्दा वर्तमानकोमूल्याङ्कन प्रायोगिक तथा व्यवहारिक बनाउने कोशिष गरिएको छ । विगतको मूल्याङ्कनमा कतिपय व्याकरणात्मक प्रश्नहरू सिधै निर्माण गरी मूल्याङ्कन गरिएको पाइन्छ भने वर्तमान मूल्याङ्कन प्रणालीमा व्याकरणात्मक पक्षलाई पनि अनुच्छेदकै माध्यमबाट मूल्याङ्कन गरिने गरिएको छ । विगतको मूल्याङ्कनमा व्याकरणात्मक पाठ्यविषयका ८ वटा विधाबाट मूल्याङ्कन गरिन्थ्यो भने वर्तमान मूल्याङ्कनमा ४ वटा मात्र विधाबाट मूल्याङ्कन गर्ने गरिएको छ । दुवै प्रश्नहरूलाई परिशिष्टमा राखिएको छ ।

# परिच्छेद पाँच :

# निष्कर्ष/सुझावहरू र उपयोगिता

## ५.१ निष्कर्ष

वर्तमान स्नातक तहको पाठ्यक्रम २०६९ सालदेखि लागु गरिएको छ। यो भन्दा अगाडिको पाठ्यक्रममा र यस पाठ्यक्रममा रहेका व्याकरणात्मक पाठ्यविषयमा त्यति भिन्नता नभएको पाइन्छ। वर्तमान यस पाठ्यक्रममा समावेश गरिएका व्याकरणात्मक पाठ्यविषयहरूअक्षरीकरण र वर्णविन्यास, नेपाली शब्दभण्डार, वाक्यतत्त्वपरक रचना र सङ्कथन/पाठको रचना रहेका छन। यी पाठ्यवस्तुलाई शिक्षण गर्न त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रले पाठ्यवस्तु तयार पारी शिक्षण गर्न निर्देश गरेको छ।

विभिन्न उद्देश्यहरू तय गरीयी पाठ्यवस्तु शिक्षण गर्ने भनिएता पनि यस पाठ्यक्रममा विस्तृत रूपमा पाठ्यसामग्रीको विस्तृतीकरण पाइदैन भने आधिकारीक रूपमा पाठ्यपुस्तक समेत नभएको पाइन्छ। सामान्यतया विद्यार्थी तथा शिक्षकलाई सहयोग पुग्ने अपेक्षा गरी 'स्नातक नेपाली' को निर्माण गरेको पाइन्छ।

पाठ्यक्रम तथा स्नातक नेपाली दुवैको अध्ययन गर्दा स्नातक तहको पाठ्यक्रमले तय गरेका व्याकरणात्मक पाठ्यसामग्रीलाई पाठ्यवस्तुमा समेत समावेश गरिएको छ। उक्त व्याकरणात्मक पाठ्यसामग्रीहरू पाठ्यक्रम अनुरूप रहेको छ। उक्त पाठ्यक्रममा शिक्षण विधि उल्लेख नभएता पनि कक्षागत छलफल, कक्षाकार्य, समूह कार्य, परियोजनाकार्य, गृहकार्य को प्रयोग गरी प्रायोगिक तबरले शिक्षण गर्न निर्देश गरेको छ भने यस पाठ्यक्रममा पाठ्यभार समेत उल्लेख गरिएको हुँदा यसलाई शिक्षण गर्न त्यति असहज नभएको पाइन्छ। शिक्षण शिक्षण निर्देशिकाको अभावले केही असहजताको अवस्था देखिएको छ। साथै मुल्याङ्कनको लागि अनुच्छेदको सहायताबाट प्रश्नहरू निर्माण गरी निर्णयात्मक मुल्याङ्कन पद्धति अपनाइएको छ। यस पाठ्यक्रमले विशिष्टीकरण तालिकाको सहायताबाट प्रश्न निर्माण गरी मुल्याङ्कन गर्ने गरेको पाइन्छ।

### ५.१.१ सबल पक्ष

वर्तमान स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समाविष्ट व्याकरणात्मक पाठ्यविषयको अध्ययनबाट निम्नलिखित सबल पक्ष देखिएका छन ।

१. भाषिक सीप विकासका लागि व्याकरणात्मक पाठ्यवस्तुलाई महफ्वका साथ प्रस्तुत गरिएको छ ।

२. पाठ्यक्रममा तोकिएका व्याकरणात्मक पाठ्यवस्तुलाई सन्दर्भ सामाग्रीमा समेत प्रस्तुत गरिएको छ ।

३. व्याकरणात्मक पाठ्यविषयको शिक्षण प्रायोगिक तबरले गर्ने गरी पाठ्यवस्तु तयार पारिएको छ ।

४. भाषाको मानकीकरणमा जोड दिइएको छ ।

५. प्रायोगिक तबरले शिक्षण गर्न सकिने गरी तयार गरिएको छ ।

६. भाषालाई सरलतातर्फ लगिएको छ ।

७. विद्यार्थी केन्द्रित पाठ्य सामाग्री तयार गरिएको छ ।

८. अभ्यासका लागि पर्याप्त पठनबोधका सामाग्री चयन गरिएको छ ।

९. भाषाको संरचनात्मक पक्षलाई आत्मसाथ गरिएको छ ।

१०. प्रयोगात्मक विधिद्वारा सीप र कौशल आर्जन गर्न सक्षम बनाइएको छ ।

### ५.१.२ दुर्वल पक्षहरू

१. पाठ्यक्रममा व्याकरणात्मक पाठ्यवस्तुको शीर्षकमात्र दिइएको तर विस्तृत नभएको ।

२. व्याकरणात्मक पाठ्यविषय शिक्षण गर्ने आधिकारीक सामग्री नभएको ।

३. पाठ्यक्रममा शिक्षणविधि उल्लेख नगरिएको ।

४. आधिकारीक पाठ्यसामग्री नहुँदा शिक्षणमा विविधता हुन सक्ने ।

५. एउटै शीर्षकको पाठ्य सामग्री धेरै ठाउँमा राखिएको ।

६. व्याकरणात्मक पक्षको मूल्याङ्कन छुट्टै नभएकाले विद्यार्थीले व्याकरण अध्ययन गरेको अनुभव नभएको ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तहका लागि

वर्तमान स्नातक तहको पाठ्यक्रममा समाविष्ट व्याकरणात्मक पाठ्य विषयलाई अझ प्रभावकारी तथा प्रायोगिक बनाउन नीतिगत तहका लागि निम्न सुझावहरू आवश्यक छन् ।

१. स्नातक तह उच्च तह भएकाले यसमा प्रयोग हुने व्याकरणलाई परिभाषित सहित उल्लेख हुनुपर्ने ।

२. पाठ्यक्रममा मात्र पाठ्यविषय समावेश भएको र आधिकारीक पाठ्यसामाग्री नभएकोले सो को व्यवस्था गरिनु पर्ने ।

३. मूल्याङ्कन गर्दा बार्षिक परीक्षा प्रणाली मात्र भएकाले अन्य प्रकारको परीक्षा प्रणाली अपनाउनु पर्ने ।

४. सन्दर्भ सामाग्रीमात्र तयार पारिएको पाठ्यपुस्तक नभएकाले पाठ्यपुस्तक तयार गरिनु पर्ने ।

५. पाठ्यक्रम संसोधन पश्चात् सम्बन्धित प्राध्यापकहरूलाई प्रवोधीकरण गरिनु पर्ने ।

६. व्याकरणात्मक पक्षहरू संक्षिप्तात्मक छन, विस्तृत हुनु पर्ने ।

७. विद्यार्थीका रुचि अनुसारका पाठ्यसामाग्री राखिनु पर्ने ।

८. बढी अभ्यासात्मक भएकाले विद्यार्थीमा नैराश्यता प्राप्त हुने हुँदा सो को निराकरण गरिनु पर्ने ।

९. वर्णविन्यासमा भएका विभिन्नता हटाइनु पर्ने ।

१०. सबै व्याकरणात्मक शीर्षकको परिभाषा नभएकोले परिभाषा स्पष्ट हुनुपर्ने ।

### ५.२.२ अभ्यास तहका लागि

वर्तमान स्नातक तहको पाठ्यक्रममा समाविष्ट व्याकरणात्मक पाठ्य विषयलाई अझ प्रभावकारी तथा प्रायोगिक बनाउन अभ्यास तहका लागि निम्न सुझावहरू आवश्यक छन् ।

१) व्याकरणको लागि छुट्टै पाठ्यविषय तयार नभएको हुँदा पाठ्यक्रमको सहयोग लिई अध्ययन गर्नुपर्ने देखिन्छ ।

२) सैद्धान्तिक ज्ञान भन्दा व्यवहारिक ज्ञान अझ विशिष्ट हुने हुँदा अभ्यासमा व्यस्त रहन आवश्यक देखिन्छ ।

३) एक शीर्षकको पाठ्यसामग्री विभिन्न ठाउँमा रहेकाले सो को खोजी गरीअध्ययन गर्न आवश्यक छ ।

### ५.२.३ अनुसन्धान तहका लागि

वर्तमान स्नातक तहको पाठ्यक्रममा समाविष्ट व्याकरणात्मक पाठ्य विषयलाई अझ प्रभावकारी तथा प्रायोगिक बनाउन अनुसन्धान तहका लागि निम्न सुझावहरू आवश्यक छन् ।

१) स्नातक तहको व्याकरण विधा स्तर अनुकुल छ वा छैन सो को अध्ययन गर्न आवश्यक देखिन्छ ।

२) व्याकरणको छुट्टै पाठ्यविषय बनाएर अध्ययन गर्दा र नबनाई अध्ययन गर्दा के भिन्नता पाइन्छ सो को विश्लेषण हुनुपर्ने देखिन्छ ।

## ५.३ सम्भावित शोध शीर्षकहरू

१. स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट व्याकरण अभ्यासको अध्ययन ।

२. स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रममा समाविष्ट तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको अध्ययन ।

३. स्नातकतहको अनिवार्य नेपाली विषयमा समाविष्ट विधाहरूको अध्ययन ।

४. पाठ्यक्रम अनुरूपताकाआधारमा समाविष्ट कथा विधाको अध्ययन ।

५. स्नातक तहको अनिवार्य नेपाली विषयमा चुली उपन्यासको शैली वैज्ञानिक अध्ययन ।

६. स्तर अनुरूपताको आधारमा स्नातक तहको अनिवार्य नेपाली विषयको अध्ययन ।

७. स्नातक तहको अनिवार्य नेपाली विषयको प्रश्नपत्रहरूको अध्ययन ।

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६२), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाण्डौ : विद्यार्थी पुस्तक पसल ।

काफ्ले, सूर्यप्रसाद (२०६५), कक्षा १० को नेपाली (२०६४) **पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन**, (अप्रकाशित शोधपत्र), कीर्तिपुर, काठमाडौं ।

गौतम, देवीप्रसाद र अन्य (२०७०) **स्नातक नेपाली**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

चापागाइँ, नरेन्द्र (२०५०) **नेपाली नविन व्याकरण तथा रचना,** वाराणसीः ग्रामोदय प्रिण्टिङ्ग प्रेस।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७) **भाषा विज्ञानका प्रमुख सिद्धान्त,** काठमाण्डौ : विद्यार्थीपुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७ :) **भाषा विज्ञानका प्रमुख सिद्धान्त**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), **सामान्य भाषा विज्ञान,** काठमाडौं : सनलाइट पब्लिकेशन ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७) **सामान्य भाषा विज्ञान**, काठमाडौं : सनलाइट पब्लिकेशन ।

पाठक, भूमिप्रसाद (२०६९), **कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०६८) मा समाविष्ट व्याकरणको अध्ययन** (अप्रकाशित शोधपत्र), इन्द्रपुर, मोरङ, नेपाली भाषा शिक्षा विभाग शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

भण्डारी, पारसमणि (२०६८) **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, केशवप्रसाद (२०६७), **कक्षा ९ को भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन** (अप्रकाशित शोधपत्र), इन्द्रपुर, मोरङ, नेपाली भाषा शिक्षा विभाग शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

रेग्मी, लक्ष्मी (२०६९), **सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको अध्ययन** (अप्रकाशित शोधपत्र) इन्द्रपुर मोरङ, नेपाली भाषा शिक्षा विभाग शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

शर्मा, मोहनराज (२०६७) **शब्द रचना र वर्णविन्यास**, काठमाडौं, नवीन प्रकाशन ।

शर्मा, वसन्तकुमार (२०६३), **नेपाली शब्दसागर,** काठमाडौं : मामा पुस्तक भण्डार ।